Jana Aakash National Weekly

जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

वर्ष-१२ , अंक- १८, २०७६ साल पुस ८ गते मंगलबार (Dec 24, 2019) www.janaakash.com.np मुल्य रु १०।-

# शीत लहरको बेथा उस्तै

- जुन वर्ष पनि त्यस्तै ।
- न्यायो कपडा लगाउन नखोज्ने, मृत्युपछि सरकारलाई गाली गर्ने प्रवृत्ति बढ्दो ।
- सरकार पनि जाडो लागेपछि मात्र चेतना र कपडा बाड्ने गर्छ ।

मोहन कार्की,

नेपालमा यति बेला जाडोको मौसम मध्य विन्दुमा आइपुगेको छ । हिमाली क्षेत्रहरुमा हिउँ परिरहेको छ , पहाडी क्षेत्रहरु टुसारो जम्न थालि सकेको छ र तराईमा शीत लहर ( हुस्सु) लागेर मानिसहरु कठ्याङग्रीदै कतिपय बुढाबुढीहरु त चिसोको कारण मृत्यु भएको खबर सार्वजनिक भइसको छ । प्रत्येक वर्ष आउने प्राकृतिक जाडो सुरु भएसंगै यस्तै खालका समाचारहरु नेपालीहरुले पढ्नु पर्छ ।

विगतमा घटेका घट्नबाट पाठ सिक्दै सरकारले त्यो भन्दा अगावै चिसोबाट बच्नको लागि विशेष गरेर तराईका जिल्लाहरुमा जनचेतना जगाउने काम गर्नु पर्‍थ्यो । पहाडी र हिमाली क्षेत्रहरुमा त बाक्लो कपडा लगाउने न्यानोमा बस्ने आगो ताप्ने जस्ता संस्कारहरु नै भएको हुँदा कठ्याङग्रीएर मानिस मरेको समाचार त्यति सुन्न पर्दैन । नेपालको तराईमा प्रत्येक वर्ष चिसोका कारण शीत लहरले मानिसहरु मरेको समाचार आइरहने गर्छ । यो समस्या विशेष गरेर वृद्धवृद्धा भइसकेका तराईवासीमा हुने गर्छ । त्यसो हुनुको कारण चेतनाको अभाव हुनु र घरमै रहेका छोरा बुहारीहरुको अभिभावकप्रति सकरात्मक व्यवहार नहुनु जस्ता सामाजिक कारणहरु पनि जोडिएका देखिन्छन् । त्यसैले सम्बन्धित निकायले शीत लहर आउनु अगावै आउँदा वर्षहरुमा दीर्धकालीन सोच बनाएर काम गरि प्रत्येक वर्ष शीत लहरबाट मृत्यु हुन नदिन काम गर्नुपर्छ । वृद्धवृद्धाहरुमा र स-साना नानीहरुलाई न्यानो कपडा लगाउन सिकाउने सघाउने र त्यो नयाँ नै हुनुपर्छ भन्ने छैन । पुरानै कपडाहरु पनि न्यानो दिन् खालका लगाएर शीत लहरबाट जोगिन सकिन्छ ।

मृत्यु भएपछि सरकारलाई गाली गर्नुभन्दा आफ्नो स्वास्थ्यको ख्याल साथै आफ्नो परिवारको जानकारी लिइ राख्ने र चिसोबाट जोगिन प्रयास गर्दा मृत्युको समाचार बन्नु पर्दैन । सामान्य यति ज्ञान हुनुपर्छ त्यति ज्ञान हुने सरकारले जनचेतना जगाउन पर्छ ।

## बलात्कारको आरोपमा वडा सदस्य पक्राउ

भोजपुरको हतुवागढी गाउँपालिका-६ हुम्सुमा एक युवतीलाई जबर्जस्ती करणी गरेको अभियोगमा सोही वडाका वडा सदस्य ३८ वर्षीय बालकुमार राईलाई जिल्ला प्रहरी कार्यालय भोजपुरले पक्राउ गरेको छ ।

गत मङ्सिर १५ गते पीडितले उक्त घट्ना भएको भनी दिएको उजुरीका आधारमा बालकुमारलाई गत शुक्रबार पक्राउ गरेको प्रहरीको भनाइ छ । जबर्जस्ती करणीमा मुद्दा दर्ता गरी अनुसन्धान थालेको प्रहरीले जानकारी दिएको छ ।

## अख्तियारको फन्दामा प्रहरी

काठमाडौं । जनताको सुरक्षामा खटिएका नेपाल प्रहरी कतिको बदमास हुन्छ भन्ने कुरा यस घटनाले प्रष्ट हुन्छ । जनताको सेवामा कार्यरत प्रहरी अपराधको दुनियामा पनि संलग्न छन् । प्रहरी बलात्कर, डकैती, तस्करीलगायत थुप्रै अपराधका घटनाहरुमा जोडिनुले प्रहरी प्रशासनप्रति नै जनताले विश्वास गर्न छाडेका छन् । शान्ति सुरक्षा र अमनचयन कायम गराउने जिम्मेवारी लिएको नेपाल प्रहरीले नै सेवाग्राहीसँग घुस लिए भन्ने सुन्दा तपाईंलाई कस्तो लाग्छ ? पक्कै पनि नराम्रो लाग्छ होला । यस्तै भएको छ मोरङमा । विराटनगर, मोरङमा कार्यरत प्रहरी सहायक निरीक्षक श्यामकुमार दाहालले सेवाग्राहीलाई अनावश्यक दु:ख हैरानी दिएको र घुस मागेको पाइएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आरोप लगाएको छ ।

आयोगका अनुसार प्रहरी सहायक निरीक्षक दाहालले खाद्य सामग्री ओसारपसार गर्न सहजीकरण गरिदिने भन्दै सेवाग्राहीसँग रु सात हजार घुस लिएको आरोप लागेको छ । आयोगले आरापी दाहाललाई केही दिन पहिले घुस लिंदालिंदै विराटनगरबाट थलोमा नै पक्राउ गरेको थियो । आरोपी दाहालविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरिएको छ । त्यस्तै आयोगले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी शिक्षकको जागिर खाएको अभियोगमा बर्दियाका शिक्षक इन्द्रप्रसाद भट्टराईविरुद्ध आजै विशेष अदालतमा मुद्दा दायर गरेको छ । आयोगले गोकर्णेश्वर-५ का वडा सचिव दिनेश बाँस्कोटाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । सेवाग्राहीको घर जग्गा एकीकृत सम्पत्ति कर तिर्ने र व्यवसाय दर्ता गर्ने प्रयोजनका लागि सेवाग्राहीसँग रु २५ हजार घुस लिएको अभियोग लागेको छ । आयोगले खरिदार बाँस्कोटालाई घुस लिँदै गरेको अवस्थामा थलोमा नै पक्राउ गरेको थियो ।

# पूर्वमाओवादीको कब्जामा रामेछापको मगर संघ

## पूर्वएमाले समूहको चित्कार कसैले सुनेन

रामेछाप । पूर्वमाओवादी समूहले नेपाल मगर संघ रामेछाप कब्जा गरेपछि विवादले उग्ररुप लिएको छ । गत शनिवार मंसिर २८ गते शनिवार मन्थलीस्थित बौद्ध गुम्बामा भएको नेपाल मगर संघको सातौं जिल्ला अधिवेशनमा विवाद भएको हो । विवाद हुनुको कारण विधान विपरित पूर्वमाओवादी निकट मानिने शिवसागर मगरको नेतृत्वमा जिल्ला कार्य समिति एक्लौटी रुपमा घोषणा गरेपछि पूर्वएमाले समूह निकट मानिने निवर्तमान सचिव कल्पना आले मगर समूहले अधिवेशनको बन्दसत्र राती ९ बजे बहिष्कार गरेर हिडेपछि विवादले उग्ररुप लिएको हो । पूर्वएमाले निकट समूह बहिष्कार गरेर हिडेपनि पूर्वमाओवादी समूहले आफ्नो पक्षका मान्छेहरु राखेर कार्य समिति घोषणा गरेर सपथग्रहण समेत गराइ सकेको




थियो । त्यसको भोलि पल्ट बहिष्कार गरेर हिडेको समूहले विधान विपरित कार्य समिति घोषणा गरेको भन्दै कल्पना आले मगर सहित ३५ जनाले हस्ताक्षरसहितको प्रेस विज्ञप्ति जारी गरेका छन् । २४ घण्टा बित्न नपाउदै अर्को समूह शिवसागर मगरको हस्ताक्षर भएको बाँकी ८ पृष्ठमा

# नेकपा(माले)को बैठक सम्पन्न

काठमाडौं । नेकपा(माले) को पुस ४ , ५, ६ र ७ गते रातोपुलमा बसेको केन्द्रीय कमिटिको बैठक सम्पन्न भएको छ । देशभरिबाट पार्टी कार्यालयमा आ-आफ्नो क्षेत्रबाट आएका केन्द्रीय कमिटि सदस्य , प्रदेश सचिवहरुले वर्तमान राजनीतिक अवस्था र भावी पार्टीको निर्माणमा के-के गर्न सकिन्छ भनी ल्याएका प्रस्तावहरु तथा नेकपा(माले) पार्टीका महासचिव सिपी मैनालीद्वारा प्रस्तावित दस्तावेजमा छलफल गर्दै ७ गते केन्द्रीय कमिटीको बैठक सम्पन्न भएको हो । बैठकमा वर्तमान राजनीतिक अवस्था निकै डर लाग्दो अवस्थामा पुगेको नेपालको भूभाग भारतले आफ्नो नक्सामा पार्दासमेत नेपाल सरकारले कुटनीतिक , राजनैतिक पहल गर्न नसकेको जनताका जनजीविकाको सवालमा कुनै उल्लेखिय काम गर्न नसकेको, महंगी बढेको, राजनीतिलाई आदर्श र सामाजिक कार्य गर्न छोडेर अराजनीतिक ढंगबाट लागेको त्यसले सिंगो समाजलाई असर पुर्‍याएको जस्ता विषयमा छलफल गरि निर्णय गरिएको छ भने पार्टीका जबसहरुमा पुरानै अनुहारहरुलाई दोर्‍याइएको छ । केही नयाँ अनुहारहरुलाई केन्द्रीय कमिटिमा मनोनित गरिएको छ । विभिन्न प्रदेश कमिटीले सिफारिस गरेका प्रतिनिधिहरुलाई केन्द्रीय कमिटीले अनुमोदन गरेको छ । त्यसको अलवा संयुक्त रुपमा गैरबामपन्थीहरुसंग पनि कार्यगत एकता गर्दै विभिन्न संघर्षका मोर्चामा काम गर्ने प्रस्ताव पनि पास गरेको छ । नेकपा( माले) ले जनाएको छ ।






'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# कालापानी र लिपुलेकमा नेपाली सेना राखौं

कालापानी र लिपुलेका नेपालको भुमि भएको तथ्यहरुले पुष्टि गरिसकेको छ । बृट्रिस लाइबेरीमा भएको नक्सा, जापानको जाइकाले निर्माण गरेको नक्सा र नेपालको नापी बिभागसँग भएका नक्साहरुले कालापानी र लिपुलेक नेपालको भुमि भएको प्रमाणित गरिसकेको हुनाले उक्त नेपालको भुमिमा रहेका भारतीय सेनालाइ कुटनीतिक पहल गरी फिर्ता पठाएर नेपालको भुमि खाली गराइ उक्त भुमिमा नेपाली सेनालाइ राख्नुपर्छ । हुनत नेपालका प्रधानमन्त्री केपी शर्मा वलीले समेत नेपालको भुमिमा नेपालका सेना बस्छन् भनि सक्नुभएको छ । तर त्यसलाइ ब्यवहारमा लागु गर्न जति गम्भिर भएर तदारुकता देखाउनु पर्ने हो थियो त्यति तदारुकताका साथ परराष्ट्र मन्त्रालयले काम गरेको देखिएन । प्रधानमन्त्रीको आफ्नै स्वास्थ्यस्थितिको एउटा कारण पनि बिलम्ब भएको होला । त्यो हुदाहुदै पनि सक्रीय रहनुपर्ने निकायहरु जस्तै परराष्ट्र मन्त्रालयका निकायहरुको महत्वपुर्ण भुमिका रहनुपर्छ राष्ट्रियताको सवालमा परराष्ट्रले महत्वपुर्ण भुमिका खेल्दाखेल्दै पनि कुटनीतिक सावधान निस्कन सकेन भने नेपाली जनतालाइ आवाह्रन गर्नुपर्छ र भन्न सक्नुपर्छ भारतले हामीलाइ टेरेन जनताहरु तयारी अवस्थामा रहनु ।

नेपालीहरु आफनो देशको लागि जतिखेर पनि तयारी अवसथामा रहनेछन् भारतले आफ्नो विस्तारवादी सोचलाइ सधै पालिराख्छ भने त्यसको जोखिम उसैको लागि बढ्नु हो ।

नेपालीहरुले पहिला पहिला गरेको भारतीय नाकाबन्दी अहिलेको नेपालको भुमि भारतले भारतीय नक्सामा पारेको बिषयवाट राष्ट्रियता के हो भनेर पाठ सिक्नुपर्छ । बिगतमा प्रजातन्त्र ल्याउने नाममा नेपालीहरुलाइ बिभिन्न बाहानमा अराजकतामा फसाएर नेपालमा भएका उधोग कलकारखाना वन्द गराएर खेतवारीमा काम गरी अनाज उत्पादन गरिरहेका किसानहरुलाइ एनजिओ र आइएनजिओ खोलि केही प्रलोभन देखाएर नेपालका गरिखाने मेहनती हातहरुलाइ परर्निभर बनाइ नेपालका ६० प्रतिशत जमिन बाजोमा परिणत गराउने योजना नेपाली नागरिता बोकेका र भारतमा बसेर नेपालको राजनीति गर्नेहरुले भारतीय षऱ्यन्त्रमा फसेर नेपालको आत्मर्निभरतालाइ भत्काउदै नेपाललाइ कमजोर बनाउन भारतीय योजनामा काम गरेको अहिले आएर छर्लङ देखिएको छ । ति बिगतका घटना र यर्थाथवाट पाठ सिक्नुपर्छ हामी नेपालीहरुले अफै उधोग खोल्न सक्छौ , आधुनिक मेशिनहरु उत्पादन गर्न सक्छौ, नेपालले गर्न सक्ने र प्रथामिकतामा राखेर गर्न सक्ने बिकाश –***( कृषि - पऱ्यटन जलविधुत )*** कृपजको अवधारणा बनाएर काम गर्न सक्ने प्रशस्त आधारहरु देखिएका छन् । ति आधारहरुलाइ प्रथामिकतामा राखेर २४ घण्टामा ३ सिफट अर्थात तीन समूह राष्ट्रिय बिकाश निर्माणको काममा खटेर पाँच बर्षभित्र राष्ट्रिय अठोट र संकल्प लिइ काम गऱ्यौ भने नेपालले उत्पादन गरेको बिधुत अर्थात बिजुली साना घरेलु उधोगहरु र सर्वसाधरणहरुलाइ निशुल्क र ठुला उधोगहरुलाइ बिश्वकै सस्तोमा बिधुत उपलब्ध गराएर उधोगहरुलाइ प्रोत्साहन गर्न सक्छौ । उधोगमा लाखौलाख मानिसहरुले रोजगार पाउछन् ,

किशान

किशानहरुको लागि बिउँ, विजन, भण्डारण, बजार ब्यवस्थापन र उत्पादनको लागि वनाएर धेरै भन्दा धेरै खाद्यन्न, फलफुल, तरकारी उत्पादन बढाएर आत्मर्निभर नेपाल बन्न सक्छौ ,

पर्य्टन

पर्य्टनको क्षेत्रमा पूर्वधारको बिकाश जस्तै पर्य्टकीय क्षेत्रहरुमा आधुनिक होटलहरुको निर्माण, रिर्सोट साथै सथानीय महत्व बोकेका धार्मिक क्षेत्रहरुको प्याकेज, स्थानीय उत्पादनलाइ बढाउन स्थानीय प्रोत्साहन कार्यक्रम प्रभावकारी बनाउदै पर्य्टनवाट राम्रो आम्दानी गर्ने र यो तिनै वटा क्षेत्रवाट प्रप्त आम्दानीलाँइ प्रत्येक नेपालीले कम्पनीको रुपमा सयुक्त लगानी गरेर उत्पादनलाइ बढाउने नयाँ नयाँ बजारको खोनि गर्ने नेपाली बजारलाइ नेपालको उत्पादन ब्यवस्थित ढंङगवाट बितरण गर्ने मुनाफा कमाउने गदै देशलाइ अत्मर्निभर , बलियो अर्थतन्त्र , बिश्वमा बढीरहेको आधुनिकीकरणको प्रतिस्पर्धामा समेत प्रतिस्पर्धा गर्न सक्ने गरी दिर्धकालीन योजना बनाएर काम गर्नुपर्छ । यति काम हामीले गऱ्यौ भने देश शक्तिशाली हुन्छ । जव देश शक्तिशाली हुन्छ त्यतिवेला जर्स्तै मै हु भन्ने विस्तावादी पनि लकलक काम्न थाल्छ । त्यसकारण माथि उल्लेखित कामहरु हामीले गर्नुपर्छ । यो अभियाँन हामीले थालौ । हाम्रो देश शक्तिशाली बनायौ भने हामीलाइ कसैले न्यक्न सक्दैन । हामीलाइ कमजोर बनाउन योजना बनाइ बनाइ नेपालमा नेपाली नै प्रयोग गरेर नेपालको अर्थतन्त्र, राजनीति , सुशान सबै भत्काएर नेपालको भुमि हड्प्ने भारतीय योजना प्रष्ट भएको छ । त्यो योजनालाइ भत्काएर नेपालको हित चिताउने नेपालमुखी अर्थतन्त्र , राजनीति लागु गरी नेपालको गुमेका भुभागहरु फिर्ता गराउन सबै एकजुट होऔं ।

# दुध पोखरेलहरुको महायज्ञ बारे केही चर्चा

मोहन पोखरेल

मोहन पोखरेल





दुध पोखरेलहरुको आगामी माघ ११ गतेदेखि १८ गतेसम्म चितवनको पारस नगरमा धनधन्याघल महायज्ञ गदैछन् । निकट निकट भैसकेको महायज्ञको सम्पुर्ण तयारी पुरा गराउन पोखरेल प्रतिष्ठान लागिपरेको छ। आखिर प्रतिष्ठानको उदश्य के ? र यसले पोखरेल बनदुहरुमा पार्न सक्ने सकरात्मक प्रभाव के के हुन ? भन्ने बिषयमा बिचार बिश्लेषण गर्नुपर्ने अहिलेको टड्कारो आवाश्यक्ता हो । सर्व प्रथम दुध पोखरेलहरुको वासस्थान रहेका जिल्ला तथा गाउँ नगर क्षेत्रमा प्रत्यक पोखरेल घर परिवारको लगत उठाउने, पेशा व्यवसायका वारेमा जानकारी गराउने र त्यसको अभिलेख राख्ने काम प्रतिष्ठानको हो ।

दुध पोखरेलहरुको जाहा बसोवास भएका जिल्लाहरुमा पूर्वका खोटाङ र ओखलढुङगा हुन् । त्यसका अलवा झापा, मोरङ र इलाम केही भुभागमा दुध पोखरेलहरुको झीनो बस्ती रहेको जानकारीमा आएका छन् । पाचथर र ताप्लेजुङमा पनि पोखरेलको सीमित बसोवास रहेको जिल्लामध्यमा पर्दछन् । त्यस वाहेक रामेछाप, दोलखा र संखुवासभा जिल्लामा पनि अलि अलि दुध पोखरेल परिवार रहेको अवस्था छ । यि वाहेका मध्य पाहाडी क्षेत्र गोरखा र लमजुङमा पनि सीमित घर परिवार रहेकाछन् । तनहु र स्याङजामा दुध पोखरेलहरु बसोवास गरेको घना ठाउँ हो । कास्कीमा पनि सीमित पोखरेलहरुको बसोवास रहेको छ ।

मध्य पाहाडी भुभागमा पर्ने गुल्मी जिल्ला दुध पोखरेलहरुको बसोवास रहेको पकेट क्षेत्र मध्यमा गनिन्छ । अर्घखाँची, प्यूठान, दाङ जिल्ला पनि दुध पोखरेलहरु बसोवास गरेको महत्वपुर्ण जिल्ला हुन् । यसका साथै सुर्खेत, दैलेख पाहाडी भुभागवाट तराइमा बसाइ सरी आउने पोखरेल परिवारको उचित बसोवास रहेको भएतापनि पोखरेलका पूर्वजहरु सर्वप्रथम पाहाडी भुभाग मै आएर बसेका जन्म थलोको मात्र यकिन विवरण उठाउन खोजिएको हो ।

छरिएर बसेका दुध पोखरेल परिवारको लगत संकलन गरी बंशवली तयार गर्ने काम चानचुने होइन र महायज्ञ साथै प्रतिष्ठानले बंशवली तयार गर्ने जुन संकल्प गरेको छ। त्यसलाइ साराह्रनीय मान्नुपर्छ । व्यस्तताका कारण नभ्याउने भन्ने अलोकप्रीय शब्दहरु महायज्ञमा उपस्थित पोखरेल बन्धुहरुले सुन्नुपऱ्यो भने प्रतिष्ठानको लोकप्रीयता घट्छ । यसवाट सम्पुर्ण पोखरेल परिवारमा नैराष्यता उत्पन्न गराउने छ। महायज्ञको मूल बिशेषता भनेकै सबै पोखरेल बन्धुको हातहातमा बंशवलीको पुस्तक पुग्नु हो र यसैलाइ सबै पोखरेल परिवारले व्यग्रताका साथ प्रतिक्षा गरिरहेका छन् । धनयज्ञचलको रटान मात्र गरिरहने र पण्डीतजीको भगवत प्रवचन मा मात्र पोखरेलहरुलाइ अल्मल्याएर मु...दानका साथै आर्थिका सहयोगको अपिल माात्र गरेर र लाखौ रकम उठाएर महायज्ञ सफल भयो भन्ने ठान्नु गलत हुनेछ । सर्वप्रथम देवघाटमा स्थापना गरिने भनिएको प्रतिस्ठानको भवन अतिथिका लागि विश्राम गृह भारद्धाज ऋषिको प्रतिमा र पितृहरुका लागि पिण्ड दान दिने स्थानको व्यवस्था महायज्ञको समापन पोखरेल प्रतिष्ठानको गठन गर्नु पहिले पोखरेलहरुको घनावस्ती रहेका खोटाङ ओखलढुङगावाट त्यहा बसोवास गरेका विज्ञ पोखरेलहरुको प्रतिष्ठानमा प्रतिनिधित्व हुन जरुरी छ । किनभने त्यस क्षेत्र तथा नजिकका सीमित वसोबास रहेका पोखरेल परिवारको बंशवली उर्त्तान सजिलो हुनेछ । स्याङजा , तनहु र गोरखाका साथै कास्की, पाल्पा, गुल्मी र अर्घखाँचीलाइ समेट्ने गरी जिल्लावाट एक एक जना विज्ञको छनौट गरी प्रतिष्ठानमा समावेश गरिनु पर्दछ । दाङ, प्यूठान र सुर्खेतलाइ समेट्ने गरी सुर्खेतवाट दिएका बंशवली उर्त्तान कुनै कठिनाइ पर्ने छैन । वर्तमान पोखरेल प्रतिष्ठानमा रहेका ५१ जना व्यक्तित्वहरु योग्य हुनुहोला, तर क्षेत्रगत र जिल्लागत हिशावले प्रतिनिधित्व भएको छ जस्तो लागेको छैन । प्रतिष्ठान हचुवा पारावाट गठन भएको हो भने यसले सावधान होइन, समस्या उत्पन्न गराउछने छ । जसको परिणाम महत्वपुर्ण पक्ष मानिएको बंशवली अपुरो हुनेछ र कुनै तार्किक विवरण त्यसमा हुने छैन । अर्को महत्वपुर्ण कुरा के हो भने विज्ञहरुको अभावमा खोटाङ, ओखलढुङगा र स्याङजा तथा गुल्मीका पोखरेल गाउँहरुमा नराम्रो असर पर्ने संम्भावना टड्कारो छ । धेरै पोखरेल परिवारको लगत र बंशवली विवरण छुट्न सक्ने परिस्थिति छ । प्रतिष्ठानले कसैको विवरणलाइ छुटमा पार्नु हुदैन ।

यस स्तभकार किचनासको बासिन्दा हो । किचनास क्षोत्र दुध पोखरेलहरुको पकेट क्षेत्र हो । त्यस क्षेत्रका प्रत्येक घर परिवारमा डाक्टर, इन्जिनियर, वकिल, न्यायधिस, पत्रकार, सिडियो, एस एसपी, डिएसपी, मन्त्रालयका सचीव , उपसचीव जस्ता बिशिष्ठ पदहरुमा नियुक्ति लिएर बसेका दुध पोखरेलहरु छन् । प्रतिष्ठानमा एका दुइ जना मात्र होइन त्यस्ता त्यस्ता व्याक्तिहरु छुटेका छन् । त्यसैगरी माथि भनिए जस्तै ओखलढुङगा र खोटाङग पनि प्रतिनिधित्व भए जस्तो देखिदैन । बंशवली निर्माणमा साथै अन्य काममा यसै क्षेत्रवाट प्रतिनिधित्व गदै आगामी अंङकमा दुध पोखरेल र वाग्लेहरुको संवन्ध र दुध पोखरेल प्रति थानादेवीको भक्तिभाव र दैविक शक्ति वारे किचनासको सनसनीपुर्ण लेख आउने जानकारी गराउद छु ।

# नेपाल टेलिकमको वेबसाइटबाटै आवश्यकता बमोजिम कुनै पनि व्यक्ति तथा संस्थाको टेलिफोन नम्बर थाहा पाउन सकिने

काठमाडौं । लाखौं लाख ग्रहकको मन जित्न सफल नेपाल टेलिकमले फेरि नयाँ सिस्टम ल्याएको छ । प्राप्त जानकारी अनुसार नेपाल टेलिकमको वेबसाइटबाटै आवश्यकता बमोजिम कुनै पनि व्यक्ति तथा संस्थाको स्थानीय टेलिफोन नम्बर थाहा पाउन सकिने भएको छ। थाहा नभएका तर सम्पर्क गर्नुपर्ने टेलिफोन नम्बरहरु पत्ता लगाउन हालसम्म १९७ मा फोन गरेर सोध्नुपर्ने व्यवस्था रहेकोमा अब कम्पनीको वेबसाइटबाट पनि हेर्न मिल्ने गरी सुविधा उपलब्ध गराइएको हो ।

नेपाल टेलिकमको वेब पेजमार्फत यस प्रकारको पीएसटीएन टेलिफोन सोधपुछ प्रणाली (PSTN Enquiry System) सञ्चालनमा ल्याइएको हो । यसका लागि कम्पनीको वेबसाइट https://www.ntc.net.np/pstn मा लगअन गर्नुपर्छ। त्यसपछि त्यहाँ दिइएको Telephone Enquiry मा आफूलाई चाहिएको व्यक्ति वा संस्थाको नम्बर खोज्न सकिन्छ।

व्यक्तिगत ग्राहक (Individual Customer) को हकमा व्यक्तिको नामका साथै ठेगाना र जिल्ला लेखेर नम्बर पत्ता लगाउन सकिन्छ। त्यसैगरी संस्थागत ग्राहक (Corporate Customer) को हकमा कम्पनीको नाम, ठेगाना र जिल्ला अनुसार टेलिफोन नम्बर प्राप्त गर्न सकिन्छ।

विगतमा पनि पीएसटीएन टेलिफोन नम्बर खोज्नका लागि कम्पनीको मुख्य वेब पेजमार्फत वेबमा आधारित इन्क्वायरी सिष्टम (Web Based Enquiry System) सञ्चालनमा रहेको थियो। हाल सोही सेवालाई पुनः परिमार्जित रुपमा सञ्चालनमा ल्याइएको हो। कम्पनीका डाटा प्रयोगकर्ताहरुको संख्यामा उल्लेख्य वृद्धि भएको कारणले गर्दा पनि ग्राहकहरुलाई वैकल्पिक माध्यमबाट बिना झञ्झट जुनसुकै बेला सेवा उपलब्ध गराउन यो व्यवस्था गरिएको हो ।

पछिल्लो समय नेपाल टेलिकम ग्रहकलाई नयाँ नयाँ सिस्टक ल्याएर ग्रहकलाई सन्तुष्टी दिइरहेका छन् ।

Green Hut Lounge
&
Cafe with Banquet

तपाईहरुको सेवामा सधैं समर्पित छ ।

स्वच्छ, सफा, पारिवारिक आनन्दमा बसेर सेवा लिन सक्नु हुनेछ ।
स्थानः चण्डोल चोक, काठमाडौं

सम्पर्क नम्बरः०१–४४३४११३

# अमेरिकासँग सम्बन्ध बढाउन खतरनाक हुन्छ

*यो सैन्य गठबन्धन होइन, भनेर अमेरिकाले पटक-पटक भनिसकेको छ । अमेरिकाको डिप्मेटिक र राजनीतिक क्षेत्रबाट स्पष्ट भइसकेपछि यो खाली अमेरिकासँग सम्बन्ध अगाडि नबढाउने कम्युनिस्ट सोच बाहेक केही होइन । त्यसैले सार्वजनिक रुपमा त्यो सहयोगमा कुनै सैन्य गठबन्धन भन्ने छैन ।*



**एनपी साउद**
**नेता, नेपाली काँग्रेस**

नेपाली काँग्रेसका केन्द्रीय सदस्य एनपी साउद खरो बोल्छन् । पार्टी सभापति शेरबहादुर देउवाका विश्वासपात्र समेत रहेका उनले सत्तारुढ नेकपाको चर्को आलोचना गरेका छन् । साउदसँग ऋषि धमलाले गरेको कुराकानी:

**० नेकपाले एमसीसीको विषयमा अमेरिकाले आफ्नो दृष्टिकोण स्पष्ट नपारेसम्म अनुमोदन गर्न सकिँदैन भनेको छ, अब के गर्ने ?**

- एमसीसी नेपाली कांग्रेसका सभापति प्रधानमन्त्री र ज्ञानेन्द्रबहादुर कार्की अर्थमन्त्री भएको बेला स्वीकृत गरेको कार्यक्रम हो । यो अमेरिकाको विकास लक्ष्यसँग सम्बन्धित छ । यो कार्यक्रम संसारका १२ वटा देशसँग अमेरिकाले संझौता गरिसकेको अवस्था छ । यो कार्यक्रम नेपालले सहभागिता जनाएर संसद्बाट अनुमोदन गर्दा कुनै नाक्सान छैन ।

**० तर सैन्य गठबन्धनमा त नेपाल जान सक्दैन नि ?**

- यो सैन्य गठबन्धन होइन भनेर अमेरिकन डिप्लामेटिक र सरकारले भनिसकेको अवस्था छ । 'स्टाटेजी शब्दको अहिले जसरी अन्तर्राष्ट्रिय रुपमा परिभाषित गरिएको छ । त्यसलाई सैनिक रणनीतिसँग जोड्नु उपयुक्त हुँदैन । 'रणनीति शब्द त चीनका राष्ट्रपति आउँदा पनि केही डकुमेन्टहरुमा उल्लेख भएको देखिएका छन् । त्यसमा 'हामी चीनसँगको सहकार्य रणनीतिमा छौं' भन्ने भाष्य उल्लेख छ । त्यसकारण त्यसलाई अमेरिकन परिप्रेक्ष्यमा अलग सन्दर्भमा हेर्नु बौदिक दरिद्रताबाहेक केही हुन सक्दैन ।

**० नेकपाले त अमेरिकाले बिना सर्त आफ्नो दृष्टिकोण अगाडि ल्याउनुपर्छ भनेको छ नि ?**

- यो सैन्य गठबन्धन होइन, भनेर अमेरिकाले पटक-पटक भनिसकेको छ । अमेरिकाको डिप्मेटिक र राजनीतिक क्षेत्रबाट स्पष्ट भइसकेपछि यो खाली अमेरिकासँग सम्बन्ध अगाडि नबढाउने कम्युनिस्ट सोच बाहेक केही होइन । त्यसैले सार्वजनिक रुपमा त्यो सहयोगमा कुनै सैन्य गठबन्धन भन्ने छैन ।

**० नेपालका परराष्ट्रमन्त्री अमेरिका नै गएर सम्झौता गरेको कुरा त बाहिर आइसकेको छ नि ?**

यो सबैमा स्पष्टै छ, सरकारका जिम्मेवार मन्त्रीहरु, व्यक्तिहरु यसलाई अनुमोदन गराउन लागिरहनु भएको छ । यसमा मलाई लाग्छ, कम्युनिष्टहरुको परम्परागत रुपमा भन्दै आएका अमेरिकन साम्राज्यवाद वा पुँजीवाद भन्ने संकुचित सोचहरु छन् । त्यसैका बारेमा यो बहस चलिरहेको छ । यसले दुई देशबीचको हितका लागि उपयुक्त काम गर्छ कि गर्दैन भन्नेतिर गएका छैनन् । नेपाली कांग्रेसको सोच चाहीं यो सहयोगलाई संसद्मा अनुमोदन गरेर सफलतामा ल्याउनुपर्छ ।

**० राष्ट्रिय मुद्दालाई छोडेर कांग्रेस किन घर झगडामा व्यस्त छ ?**

यसमा नेपाली कांगेसका चारवटा एजेन्डाहरु छन् । हाम्रा वरिष्ठ नेताले पनि राष्ट्रय मुद्दासँग सम्बन्धित केही एजेन्डाहरु अगाडि सार्नुभएको थियो । यी चारवटा प्रस्तावमा महाधिवेशनको तालिका प्रकाशन गर्ने, नेपाल संघलाई पूर्णता दिने, नेपाल तरुणदललाई पूणता दिने र विभाग गठनलाई पूर्णता दिने भन्ने थियो । यी चारै कुरामा सभापति स्पष्ट भएर आइसक्नुभएको छ । यसका बारेमा लगभग सहमति पनि भइसकेको छ । महाधिवशेनका बारेमा पहिला बढाउने गरेकाले अहिले पनि एक वर्ष बढाएर गर्ने भन्ने छ । यो पहिलादेखिको चलन पनि छ ।

**० शेरबहादुर देउवाले नेपाली कांग्रेसको महाधिवेशन त समयमा गर्न सक्नुभएन नि ?**

पहिलादेखि नै एक वर्ष थपेर गर्ने गरेको हो ।

**० एक-एक वर्ष कायकाल लम्ब्याउन मिल्छ त ?**

हाम्रो विधानमा पनि एक वर्ष थप्न सकिने छ भन्ने प्रवन्ध मिलाइएको छ ।

**० महाधिवेशन नै गर्न नसक्ने अवस्थामा कांग्रेस कसरी पुग्यो ?**

अहिलेको परिस्थिति अनुसार विधान संसशोधनमा गयौं । महासमितिबाट मात्रै विधान संसोधन हुन सक्थ्यो । अहिलेको नयाँ संरचनाअनुसार तलसम्म पार्टीको संरचना पुऱ्याउनुपर्ने थियो । त्यो सबैलाई आधार बनाउँदा हामीले चार वर्षभित्र महाधिवेशन गर्न सकेनौं र एक वर्ष थप्नुपर्ने भयो । यो अघिल्लो त अझ पाँच वर्षमा पनि हुन नसकेर संविधानमै व्यवस्था गरेर अरु ६ महिना थपेर गरेको अवस्था हो । अहिलेसम्म पाँच वर्षभन्दा घटिमा महाधिवेशन भएका छैनन्, अहिले पनि पाँचभित्र महाधिवेशन गरिसक्ने भनेको छ । त्यसको पालिका प्रकाशनको कुरा छ । जुन साथीहरु सहमतिका लागि छलफलमा हुनुहुन्थ्यो, त्यहाँबाट सहमति जुटिसकेको छ ।

**० बाटुवाटार जग्गा प्रकरण लगायतका राष्ट्रिय मुद्दामा कुरा उठाउनको साटो कांग्रेस किन घरझगडामै रुमलिएको ?**

- अहिले हामी घर झगडा भन्दा पनि विभाग गठनमा लागेका छौं । पहिला २८ थियो, त्यसलाई ४१ पुर्याउने भनिएको छ । २८ मात्रै राख्दा धेरै साथीहरु जिम्मेवारीबाट बिमुख हुनुहुने भएकाले केही विभागहरु बढाउन खोजिएको हो । राष्ट्रिय मुद्दामा हामीहरुले सदनमा, बाहिर पनि जोडतोडका साथ कुरा उठाएका छौं ।

**० नेविसंघलाई ३२ मुनि राख्ने कि माथि लाने भन्ने विवाद पनि छ नि ?**

- यसभन्दा अगाडिको विधानमा '१२ औं महाधिवेशनपछि १३ औं अधिवेशनमा ३२ वर्ष उमेर पुगेका विद्यार्थीहरु चुनाव लड्न पाउने छैनन्' भनेर स्पष्ट लेखिएको छ । १३ औं महाधिवेशनको प्रक्रियाको रुपमा जिल्ला र स्थानीय तहमा त्यो लागु हुनेछैन, ३२ मुनिकै ल्याउनुपर्छ । तर, त्यसभन्दा अगाडि अन्तरिम समिति खडा गर्दा त्यसले वाधा पुऱ्याउने कुरा भएन । राजनीतिक प्रतिबद्धताबाट चाहीं हामी ३२ माथि ल्याउछौं, ३२ तल ल्याउने छौं भन्नेमा कुनै वाधा छैन ।

**० महाधिवेशनको कार्यतालिका कहिलेलाई तोक्नुहुन्छ ?**

महाधिवेशनको कार्यतालिका तय गर्ने कुरा सहमतिबाटै हुने हो । सबै प्रक्रिया मिलाउने कार्यबोझलाई ध्यान दिँदा २०७७ फागुन ७ लाई तोक्दा उपयुक्त दिन हुन सक्छ । निर्वाचनका सबै प्रक्रियालाई मिलाउन काम गर्ने समय अवधि पनि चाहियो, त्यो भएर पनि यो समय उपयुक्त ठानेका हौं ।

**कम्युनिष्टहरुको परम्परागत रुपमा भन्दै आएका अमेरिकन साम्राज्यवाद वा पुँजीवाद भन्ने संकुचित सोचहरु छन् । त्यसैका बारेमा यो बहस चलिरहेको छ । यसले दुई देशबीचको हितका लागि उपयुक्त काम गर्छ कि गर्दैन भन्नेतिर गएका छैनन् । नेपाली कांग्रेसको सोच चाहीं यो सहयोगलाई संसद्मा अनुमोदन गरेर सफलतामा ल्याउनुपर्छ ।**

# जैमिनी नगरपालिकाको शिक्षा सुधार्ने रणनीति

बागलुङ्ग जिल्लाको जैमिनी नगरपालिकाले सार्वजनिक शिक्षाको गुणस्तर सुधारका काम थाल्ने भएको छ । आइतबार सार्वजनिक शिक्षाको गुणस्तर सुधार तथा शिक्षासम्बन्धी कानून निर्माण सुझाव सङ्कलन कार्यशालाबाट २३ बुँदे घोषणापत्र जारी गर्दै नगरपालिकाले सार्वजनिक शिक्षामा सुधारको उद्घोष गरेको हो ।

शिक्षामा लगानी कम हुने प्रतिफलको आशा धेरै हुने भएकाले शैक्षिक सुधारका लागि पहल थालिएको नगरप्रमुख इन्द्रराज पौडेलले बताउनुभयो । नगरले बनाउन लागेको शिक्षा ऐनका लागि सुझाव सङ्कलन र सार्वजनिक शिक्षामा सुधारका लागि आवश्यक छलफल गर्न विज्ञसहितको कार्यशाला आयोजना गरिएको थियो । राष्ट्रिय शिक्षा नीति अनुसार बालकक्षादेखि कक्षा ८ सम्मका बालबालिकालाई निःशुल्क तथा अनिवार्य शिक्षा लागू गर्न नगरले सरोकारवालासँगको सहकार्यमा काम थाल्ने भएको छ । शिक्षण सिकाइलाई नियमित र प्रभावकारी बनाउनका लागि विद्यार्थी तथा शिक्षकको नियमित हाजिरी परीक्षण गर्ने घोषणापत्रमा उल्लेख छ । उत्कृष्ट शिक्षक विद्यार्थी पुरस्कृत गर्ने, महिनामा एकपटक हरेक विद्यालयले अभिभावक भेला गरी स्वमूल्याङ्कन गराउने, मल्टिमिडियाको माध्यमबाट अध्ययन अवलोकन, विद्यालय हाताभित्र मादकपदार्थको तथा सुर्तीजन्य पदार्थको सेवनमा रोक, बालमैत्री, अपाङ्ग मैत्री तथा लैङ्गिकमैत्री हिंसा नभएको विद्यालय क्षेत्र बनाउने घोषणापत्रमा उल्लेख छ । सिकाइमा पछाडि परेका बालबालिकाका लागि अतिरिक्त कक्षा सञ्चालन, विद्यालय सुधार योजना निर्माण, कार्यान्वयन र समयमा समीक्षा, कक्षा ३ सम्मका बालबालिकाका लागि डेक्स-बेन्चको साटोमा व्यवस्थित बसाइसहितको कक्षाकोठा, पाठ्य योजनाको तयारी, विद्यालय हाताभित्र करेसाबारी, वृक्षारोपण, पठनपाठनको माध्यम नेपाली, अङ्ग्रेजीका अलावा स्थानीय भाषा हुन सक्ने, विद्यार्थी सङ्ख्या कम भएका विद्यालयको व्यवस्थापन तथा दरबन्दीको मिलान र शैक्षिक वर्षको अन्तसम्ममा नगरको शिक्षा ऐन तयार गर्ने लगायतका महत्वपूर्ण बुँदा घोषणापत्रमा समावेश गरिएको छ ।

कार्यशालामा शिक्षाविद् प्राडा मनप्रसाद वाग्ले, पूर्वसचिव प्राडा महाश्रम शर्मा, शिक्षाका लागि राष्ट्रिय अभियान नेपालका अध्यक्ष डिल्लीराम सुवेदी लागयतको उपस्थिति थियो । जैमिनी नगरपालिकाका सबै विद्यालयमा प्रधानाध्यापक, नगर कार्यपालिकाका सदस्यहरु, शिक्षक तथा कर्मचारी सहभागी कार्याशालाले उक्त घोषणापत्र तयार परेको हो । कार्यशालामा वाग्ले, शर्मा, सुवेदी र तनहुँ जिल्ला शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख रमाकान्त शर्माले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँहरुले नगरमा सार्वजनिक शिक्षामा गुणस्तर सुधारका लागि अनुभवसहितका सुझाव राखेका थिए । कार्यशालामा उठेका विषयमा छलफल गर्दै प्राडा वाग्लेले माटो सुहाउँदो शिक्षा नीति र व्यावहारिक शिक्षामा ध्यान दिन आग्रह गर्नुभयो ।

इच्छा शक्ति भए गुणस्तरीय र व्यावहारिक शिक्षाका लागि स्रोतको अभाव नरहेको उहाँको भनाइ थियो । देशको सङ्घीय संरचना निर्माणसँगै बनेको कानूनले नजिकको सरकारलाई शिक्षाको तल्लो तहको जिम्मेवारी दिएको भन्दै स्थानीय तहले इमान्दारिता पूर्वक जिम्मेवारीको बहन र दायित्व बोध गर्नुपर्ने उहाँको भनाइ थियो । कार्यक्रममा नेपाल सरकारका पूर्वसचिव शर्माले शिक्षामा सुधारका लागि सामूहिक प्रयास आवश्यक रहेको बताउनुभयो । शिक्षक विद्यार्थीको मात्रै प्रयासले व्यावहारिक शिक्षा आर्जनमा कठिन हुने भन्दै उहाँले अभिभावक, विद्यालय व्यवस्थापन समिति र स्थानीय सरकारको महत्वपूर्ण भूमिका रहने बताउनुभयो ।

# लक्ष्मी बैंकको उन्नाइसौं वार्षिक साधारणसभा

काठमाडौं । लक्ष्मी बैंक लिमिटेडको उन्नाइसौं वार्षिक साधारणसभा सम्पन्न भयो । साधारण सभाले बैंकको चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर र ५ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ । पारित बोनस शेयरसँगै बैंकको चुक्ता पूँजी रु ९ अर्ब ८१ करोड पुगेको छ ।

साधारण सभाले आर्थिक वर्ष २०७५/७६ का लागि संचालक समितिको प्रतिवेदन तथासोही आर्थिक वर्षको बैंकको वित्तीय विवरण उपर छलफल




गरी स्वीकृत गरेको छ । साथै साधारण सभाले संस्थापक शेयरधनीका तर्फबाट मनोनित सञ्चालकहरुको नियुक्ति अनुमोदन समेत गरेको छ ।

आ.व. २०७५/७६मा रु ८०.३२ अर्ब निक्षेप र रु ७७.८४अर्ब कर्जा पुऱ्याएको यस बैंकको वासलातको आकार रु १०६ अर्ब रहेको छ । सो आ.व.मा बैंकले १ अर्ब५९ करोड खुद मुनाफा आर्जन गर्न सफल भएको छ । यसका साथ साथै सम्पूर्ण वित्तीय सूचकहरु नियामक व्यवस्था अनुरुप नै राम्रो अवस्थामा रहेका छन् । सन् २००२ मा स्थापना भएको लक्ष्मी बैंकले आफ्ना शाखाहरु तथा सूचना प्रविधिको माध्यमबाट बृहत स्तरमा सेवा प्रदान गर्न सफल भएको छ ।

तुलनात्मक रुपमा छोटो इतिहासको बाबजुद पनि रिटेल, कर्पोरेट तथा ट्रेजरी जस्ता सम्पूर्ण वित्तीय सेवाको क्षेत्रमा सेवा पुऱ्याउने एक प्रमुख बैंकिङ्ग सेवा प्रदायकको रुपमा बैंक अगाडी आएको छ । उच्चस्तरीय संस्थागत सु-शासन संस्कार, जोखिम व्यवस्थापन प्रणाली र सक्षमप्रविधी लगायत उत्तम व्यवस्थापन भएको बैंकको रुपमा लक्ष्मी बैंक नेपालमा सर्वत्र परिचित छ । लक्ष्मी बैंक एक हरित कम्पनी हो र यसले इन्टरनेट, कार्ड तथा मोवाइल फोन जस्ता प्रविधिका माध्यमको उच्चतम प्रयोग मार्फत हरियाली मैत्री बैंकिङ्ग सेवा प्रदान गर्न सक्षम भएको छ । लक्ष्मी बैंकको इन्भेष्टमेन्ट बैंकिङ्ग सेवा प्रदान गर्ने सहायक कम्पनी 'लक्ष्मी क्यापिटल मार्केट लि.' सन् २००९ देखि संचालनमा रहेको छ । यसैगरी देस्रो सहायक कम्पनी 'लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.' ले सन् २०१२ बाट कारोबार शुरु गरी लघुवित्त सेवा प्रवाह गरिरहेको छ ।

लक्ष्मी बैंकले लक्ष्मी भ्यालु फण्ड १ र लक्ष्मी इक्विटि फण्ड नामक दुई म्यूचुअल फण्ड समेत सफलता पूर्वक जारी गरिसकेको छ ।

# मुक्तिनाथको विजेताहरुलाई पुरस्कार वितरण

मुक्तिनाथ विकास बैंक अन्तर्गत रहेको आफ्नै रेमिट, मुक्तिनाथ रेमिटले चाडपर्वलाई लक्षित गरी भाद्र ०१, २०७६ देखि कार्तिक ३० गतेसम्म लागू हुने गरी सञ्चालन गरेको रेमिट्यान्स (विप्रेशण) केन्द्रित '७६ साल ७६ उपहार, चाडपर्वसंग खुसीको वहार' अभियानका भाग्यशाली विजेताहरुलाई विभिन्न ७६ पुरस्कारहरु वितरण गरेको छ ।

यस अभियान अन्तर्गत तोकिएको अवधिभित्र मुक्तिनाथ रेमिटबाट पैसा पठाउनु हुने वा कुनै पनि रेमिट्यान्स मार्फत पठाएको रकम मुक्तिनाथ




विकास बैंकबाट लिनुहुने सम्पुर्ण ग्राहकवर्गहरु मध्यबाट भाग्य शाली विजेताहरुलाई विभिन्न ७६ पुरस्कारहरु वितरण गरिएको हो । ७६ पुरस्कारहरु मध्ये २५ जनालाई Bluetooth Speaker, २० जनालाई Pressure Cooker, १५ जनालाई Smart Mobile Set, ७ जनालाई TV 32" Smart HD, ५ जनालाइँ ridge 200 ltr, ३ जनालाइ {Laptop, १ जनालाई Scoo तथ वितरण गरिएको छ ।

भाग्यशाली विजेताहरुको घोषणा २०७६ मंसीर १५ गते आईतबार ३ बजे यस विकास बैंकको Facebook Pageमार्फत Live गरिएको थियो । मुक्तिनाथविकास बैंकले हाल ४२ जिल्लामा १३४ वटा शाखाहरु मार्फत ग्राहकका आवश्यकता बमोजिमका सबै प्रकारका बचत निक्षेप तथाकर्जा सेवाहरु प्रदानगर्दै आई रहेको छ ।

साथै, प्रविधिमा आधारित रही मोबाईल बैंकिङ्ग, क्यूआर पेमेन्ट, एटिएम, अनलाईन बैंकिङ्गलगायतका सेवाहरु पनि प्रदान गर्दै आई रहेको बैंकका प्रमुख सूचना अधिकारी तिलबहादुर गुरुङ्गले बताउनुभयो ।

# प्रभु बैंकको तौलिहवा र मलंगवा शाखा कार्यालयमा

प्रभु बैंक लिमिटेडले आफ्नो शाखा सञ्जाल विस्तार गर्ने क्रममा कपिलवस्तु जिल्लाको कपिलवस्तुनगरपालिका वडा नं. ०१ स्थित तौलिहवामा आफ्नो २०२ औं शाखा खोली सञ्चालनमा ल्याएको छ । बैंकको तौलिहवा शाखा कार्यालयको समुद्घाटन कपिलवस्तु नगरपालिकाका मेयर किरण सिंहले एक समारोह बिच




गर्नु भएको हो । यो शाखा सहित प्रभु बैंकको कुलशाखा संख्या २०२, एक्सटेन्सन काउन्टर संख्या ३८, शाखा रहित सेवा केन्द्र १७ र एटियम (ATM outlet) संख्या १५२ पुगेको छ ।

बैंकको तौलिहवामा शाखा कार्यालयको समुद्घाटन गर्दै प्रमुख अतिथी किरण सिंहले प्रभु बैंकले तौलिहवामा आफ्नो शाखा सञ्चालनमा ल्याई सर्वसाधारणलाई आफ्नै घर आँगनमा सरल, सहज र अत्याधुनिक बैंकिङ्ग सेवाप्रदान गरी प्रशंसनीय कार्य गरेको बताउनु भयो । मन्तब्यको क्रममा उहाले बैंकको यो अभियानले देशभरि नै बैंकिङ्ग पहुँचमा वृद्धि मात्र नभई समग्र देशको आर्थिक विकासमा सकारात्मक टेवा पुगेको बताउदै बैंकलाई सफलताको शुभकामनासमेत व्यक्त गर्नुभयो । बैंकको तौलिहवा शाखा कार्यालय समुद्घाटन कार्यक्रममा विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, स्थानीय व्यापारी, बुद्धिजिवी लगायत ठूलो संख्यामा सर्वसाधारणको उपस्थिति रहेको थियो ।

बैंकको तौलिहवा शाखा कार्यालयबाट गुणस्तरीय एवं अत्याधुनिक प्रविधियुक्त बैंकिङ्ग सेवा प्रवाह हुने भएकोले यहाँका स्थानीय सर्वसाधारणहरु, उद्योगी ब्यापारी तथा अन्य संघ संस्थाहरुले प्रभु बैंकको गुणस्तरीय सेवा उपभोग गरी लाभान्वित हुने र स्थानीय सर्वसाधारणमा बैंकिङ्ग बानीको विकासमा अभिवृद्धिभई स्थानीयस्तरको



सम्पुर्ण आर्थिक कारोबार बैंकिङ्ग प्राणालीमा प्रवेश गर्नुका साथै यस क्षेत्रको समग्र आर्थिक उन्नतीमा तौलिहवा शाखा कार्यालयले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने बैंकले विश्वास लिएको छ । त्यस्तै प्रभु बैंक लिमिटेडले आफ्नो शाखा सञ्जाल विस्तार गर्ने क्रममा सर्लाही जिल्लाको मलंगवा नगरपालिका वडा नं. ०९स्थित मलंगवामा आफ्नो २०१ औं शाखा खोली सञ्चालनमा ल्याएको छ । बैंकको मलंगवा शाखा कार्यालयको समुद्घाटन मलंगवा नगरपालिकाका मेयर निरसल साहले गर्नु भएको हो ।

बैंकको मलंगवामा शाखा कार्यालयको समुद्घाटन गर्दै प्रमुख अतिथी निरसल साहलेप्रभु बैंकले आफ्नो बैंकको व्यावसायिक सञ्जाल विस्तार गर्दै बैंकिङ्ग पहुँच नपुगेको ठाउँहरुमा आफ्नो शाखा कार्यालय सञ्चालनमा ल्याएर सर्वसाधारणको



घर आँगनसम्म सरल र सहज रुपमा बैंकिङ्ग सेवा विस्तार गरी प्रशंसनीय कार्य गरेको तथा प्रभु बैंकको यो अभियानले देशभरिनै बैंकिङ्ग पहुँचमा वृद्धि भएको मात्र नभई समग्र देशको आर्थिक विकासमा सकारात्मक टेवा पुगेको बताउदै बैंकलाई सफलताको शुभकामना व्यक्त गर्नु भयो । बैंककामलंगवा शाखा कार्यालय समुद्घाटन कार्यक्रममा विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, स्थानीय व्यापारी, बुद्धिजिवी लगायत ठूलो संख्यामा सर्वसाधारणको उपस्थिति रहेको थियो ।

बैंकको मलंगवा शाखा कार्यालयबाट प्रभु बैंकको गुणस्तरीय एवं अत्याधुनिक प्रविधियुक्त बैंकिङ्ग सेवा प्रवाह हुनेभएकोले यहाँका स्थानीय बासिन्दा, सर्वसाधारणहरु, व्यवसायिक फर्म, कम्पनी तथा संघ संस्थाहरुले प्रभु बैंकको गुणस्तरीय सेवा उपभोग गरी लाभान्वित हुने र स्थानीय सर्वसाधारणमा बैंकिङ्ग बानीको विकासमा अभिवृद्धि भई स्थानीयस्तरको सम्पुर्ण आर्थिक कारोबार बैंकिङ्ग प्राणालीमा प्रवेश गर्नुका साथै यस क्षेत्रको समग्र आर्थिक उन्नतीमा मलंगवा शाखा कार्यालयले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने बैंकले विश्वास लिएको छ ।

## बैकिङ्ग संसार

# एनबिआईको सिइओमा लम्साल नियुक्त

नेसनल बैंकिङ इन्स्टिच्युट एनबिआई लिमिटेडको प्रमुख कार्यकारी अधिकृत सिइओमा कुमार लम्साल नियुक्त हुनुभएको छ । एनबिआई सञ्चालक समितिले



३० मंसिरदेखि लागू हुने गरी लम्साललाई सिइओमा नियुक्त गरेको हो ।

लम्सालले यसअघि सानिमा बैंक, प्रभु बैंक, जनता बैंक नेपाललगायत बैंकको प्रमुख कार्यकारी अधिकृतको कार्य गरिसक्नुभएको छ । लम्सालको नियुक्तिसँगै इन्स्टिच्युटले बैंकिङ जगतको मानव संसाधनको क्षमता विकासमा टेवा पुर्याउने किसिमका वस्तु तथा सेवाको विविधीकरणमार्फत अझ बढी योगदान पुर्याउन सफल हुने अपेक्षा कम्पनीको छ ।

# आइएमईका उत्कृष्ट पन्ध्र व्यावसायिक साझेदार बाकु भ्रमणमा

काठमाडौं । आइएमई लिमिटेडले आफ्ना पन्ध्र (१५) व्यावसायिक साझेदारलाई पाँच दिवसीय भ्रमणका लागि अजरबैजानस्थित 'बाकु' को भ्रमणमा पठाएको छ । आइएमईका व्यवसायिक साझेदारका लागि अघिल्लो आर्थिक वर्षको माघदेखि असारसम्म विभिन्न शीर्षकमा दिइएको लक्ष्य पुरा गर्ने पन्ध्र व्यावसायिक साझेदार यो भ्रमणका लागि छनोट हुनुभएको थियो । यसमा 'आइएमई पे' को कारोबारमा सबैभन्दा बढी योगदान पुऱ्याउने व्यावसायिक साझेदारलाई पनि समावेश गरिएको छ । आइएमई केन्द्रीय कार्यालय पानीपोखरी काठमाडौंमा आयोजित एक विशेष समारोहकावीच आइएमईका महाप्रवन्धकद्वय रुद्रराज पौडेल र खिलेन्द्र पौडेलले भ्रमण टोलीलाई विदाई गर्नुभएको थियो । विदाई कार्यक्रममा संक्षिप्त मन्तब्य दिँदै महाप्रवन्धकद्वयले आइएमईको व्यावसायिक यात्रामा आइएमईका व्यावसायिक साझेदारहरूको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो । आइएमईले आफ्नो स्थापना कालदेखि नै आमसेवाग्राहीमूखि र व्यावसायिक साझेदारमूखि विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्दै आइरहेको छ ।

**आइएमई लिमिटेडका बारेमा :-**

आफ्नो स्थापना देखिनै रेमिटेन्स सेवालाई प्रत्येक नेपालीको पहुँचसम्म पुऱ्याउन प्रतिबद्ध यस कम्पनीले सेवा शुभारम्भको १९औं वर्षसम्ममा नेपालका शहरी तथा ग्रामिण क्षेत्रलाई समेट्ने गरी २ सय २ आइएमई सेन्टर सहित




७७ जिल्लाका करिव १० हजार सव एजेन्ट र बैंक तथा वित्तीय संस्थाका शाखामार्फत् विदेशमा कार्यरत नेपालीहरुले दुःख गरि कमाएको रकम देशका विभिन्न भूगोलमा रहेका आफन्तको हातमा छिटो, छरितो, विश्वसनीय र सुरक्षित तवरबाट वितरण गर्दै आईरहेको छ ।

आइएमई डिजिटल सोलुसन लिमिटेडका बारेमा :-

झन्डै २१ हजार एजेण्ट आउटलेट संजाल भएको 'आइएमई पे' आईएमई ग्रुप अन्तर्गतको डिजिटल वित्तीय सेवा प्रदायक कम्पनी हो । नेपाल राष्ट्र बैंकको भुक्तानी तथा फर्छ्यौट विनियमावली-२०७२ बमोजिम आइएमई डिजिटलले दूरसञ्चार सञ्जालको माध्यमबाट मोबाइल वालेट सेवा प्रदान गर्ने अनुमति प्राप्त गरेको हो र आईएमई डिजिटल यस्तो अनुमति पाउने देशकै पहिलो भुक्तानी सेवा प्रदायक कम्पनी भएको छ ।

आइएमई डिजिटलले ' आइएमई पे ' ब्रान्ड अन्तर्गत मोबाइल वालेट सेवा उपलब्ध गराउनेछ र यसको मद्दतबाट सेवाग्राही आफैले अथवा एजेन्टहरूको सहयोग लिएर मोबाइल मार्फत् विभिन्न किसिमका भुक्तानी सम्बन्धी कार्य गर्न सक्नेछन् । यसले व्यक्ति-व्यक्तिका बीचमा हुने सामान्य रकम ट्रान्सफर गर्ने सुविधादेखि लिएर विभिन्न अनलाइन तथा स्थलगत स्टोरहरूमा क्यु आर (QR) मार्फत भुक्तानी गर्ने, मोबाइल रिचार्ज गर्ने र विभिन्न घरयासी तथा कार्यालयका बिलहरू भुक्तानी गर्ने कार्यमा सहयोग गर्दछ । आइएमई डिजिटलले बैंकको सुविधाबाट वञ्चित तथा न्यून बैंकिङ्ग सुविधा प्राप्त नेपाली लगायत सम्पूर्ण सर्वसाधारण जनतालाई वित्तीय सेवाहरूको पहुँच उपलब्ध गराएर नेपालको वित्तीय समावेशीकरणमा योगदान पुऱ्याउने लक्ष्य लिएको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# ३३ बुँदे घोषणापत्र जारी गर्दै प्रहरी र सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलन सम्पन्न

काठमाडौं । नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको शुक्रबारदेखि काठमाडौंमा सुरु भएको तीन दिने दोस्रो राष्ट्रिय सम्मेलन २०७६ आइतबार ३३ बुँदे घोषणापत्र जारी गरी समाप्त भएको छ ।

सम्मेलन समापनका अवसरमा राष्ट्रिय सभागृह भृकुटीमण्डपमा आयोजित समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि गृहमन्त्री राम बहादुर थापा 'बादल' ले राज्यमा शान्ति सुरक्षा प्रदान गर्न, कानुनी शासनको प्रत्याभूति दिन, दण्डहीनताको अन्त्य गर्न र स्वतन्त्रतापूर्वक जीवनयापन गर्न पाउने नागरिकको हक संरक्षण गर्न फौजदारी न्याय प्रशासन अपरिहार्य हुने बताउनुभयो । कानुनले निषेध गरेका क्रियाकलाप हुन नदिन र भएमा कानुनी दायरामा ल्याई कसुरदारलाई सजाय र पीडितलाई न्याय दिने कार्यमा सरकारी वकील र अनुसन्धानकर्ता प्रहरीको महत्वपूर्ण भूमिका रहने चर्चा गर्दै गृहमन्त्री थापाले भन्नुभयो, 'यस सम्मेलनबाट प्राप्त निष्कर्षले फौजदारी न्याय प्रशासनको सुदृढीकरण, कानुनी शासन कायम गर्न र मानवअधिकारको संरक्षण गर्न सहयोग पुग्ने अपेक्षा गर्दछु ।'

मानव मर्यादा विपरितका कार्यहरु सभ्य समाजका लागि शोभनीय नहुने उल्लेख गर्दै गृहमन्त्री थापाले भन्नुभयो, 'कानुनले दण्डनीय बनाएका यस्ता कार्यहरु एवम् अभ्यासलाई निर्मूल गर्न कानुन कार्यान्वयन गर्ने निकायका साथसाथै नागरिक समाजको अग्रसरता अपरिहार्य रहन्छ ।' विज्ञान र प्रविधिको विकासले अपराध अनुसन्धानमा थपेको चुनौतिलाई सामना गर्न परम्परागत शैलीको अनुसन्धानलाई परिमार्जन गर्दै विशिष्टिकृत अनुसन्धान गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

लामो समयको प्रयासपछि जारी भएका कानुनको कार्यान्वयनले शान्ति सुव्यवस्था र न्यायपूर्ण समाज निर्माणमा ठूलो सहयोग पुग्ने अपेक्षा गरिएको उल्लेख गर्दै गृहमन्त्री थापाले अनुसन्धानकर्ता र अभियोजनकर्ता बीचको यस सम्मेलनले यी दुई निकायबीच कार्यात्मक सहकार्य र समन्वय बढाउन कोशेढुंगा सावित हुने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा महान्यायाधिवक्ता अग्नि प्रसाद खरेलले अनुसन्धान र अभियोजनलाई थप पारदर्शी एवम् निष्पक्ष बनाउन अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलन उपलब्धीपूर्ण भएको बताउनुभयो । फौजदारी न्याय प्रशासनमा अपराध अनुसन्धान गर्ने प्रहरी र अभियोजनकर्ता सरकारी वकीलका वीच भएको यस सम्मेलनले थप प्रभावकरिता हासिल गर्ने उल्लेख गर्दै उहाँले भन्नुभयो, 'सम्मलेनका निष्कर्षहरुको कार्यान्वयनमा न्याय प्रशासनमा आवद्ध सबै निकायहरु दत्तचित्त भएर अगाडि बढ्नुपर्छ ।' असल नियतमा गरिएको काममा कुनै पनि समस्याहरु नआउने चर्चा गर्दै महान्यायाधिवक्ता खरेलले संविधान र कानुन भन्दा बाहिर नगई आफ्नो जिम्मेवारी निर्वाह गरेमा कानुन कार्यान्वयन थप प्रभावकारी भई सफलता हासिल हुने विचार व्यक्त गर्नुभयो ।

समारोहमा सर्वोच्च अदालतका न्यायाधीश दीपककुमार कार्कीले अनुसन्धान र अभियोजन फौजदारी न्यायको अभिन्न अंग भएको चर्चा गर्दै संविधान र कानुनको सफल कार्यान्वयन नै न्याय प्रशासनमा आवद्ध सबै निकायहरुको उद्देश्य रहेको बताउनुभयो । फौजदारी न्याय कार्यान्वयनमा देखिएका चुनौतिहरुको सामना गर्न यो सम्मेलन फलदायी हुने बताउँदै समाजले पनि न्याय प्राप्तिको लागि न्याय प्रणालीमा आवश्यक सहयोग गर्नुपर्ने धारणा उहाँले व्यक्त गर्ननुभयो ।

समारोहमा प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले धन्यवाद व्यक्त गर्दै सम्मेलनमा भएका गहन छलफल र विषयगत मन्थनले थोरै समयमा न्याय सम्पादनका लागि उल्लेख्य र यथार्थ पृष्ठपोषण प्राप्त भएको चर्चा गर्नुभयो । सम्मेलनका उपलब्धीले आगामी दिनमा हाम्रा विधि र प्रकृयालाई स्पष्ट पार्दै कानुनको संशोधनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने उल्लेख गर्दै उहाँले भन्नुभयो, 'यो नै सम्मेलनको सबैभन्दा सार्थक र महत्त्वपूर्ण उपलब्धी हो ।'

प्रहरी महानिरीक्षक खनालले कानुन कार्यान्वयनका सन्दर्भमा देखिएका समस्या र व्यवहारिक कठिनाईहरूलाई पहिचान गर्न सम्मेलनले महत्त्वपूर्ण प्राथमिकता निर्धारण गरेकोले यस्ता कठिनाईहरूप्रति संस्थागत समाधानको पहल गर्न महान्यायाधिवक्ताको कार्यालय र नेपाल प्रहरीवीच थप सहकार्य गर्न संस्थागत पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । सम्मेलनका क्रममा विज्ञहरूबाट गरिएका कार्यपत्र प्रस्तुतीकरण टिप्पणी र प्राप्त निष्कर्षले आगामी दिनमा न्याय निरूपण प्रकृयालाई थप सहज र गतिशील बनाउने बिचार उहाँले व्यक्त गर्नुभयो ।

समारोहमा नेपाल बार एशोसिएसनका महासचिव लिलामणि पौडेलले सम्मेलनको महत्वबारे प्रकाश पार्दै सम्मेलनको नारा अनुरुप नेपाल प्रहरी र सरकारी वकीलहरुले जिम्मेवार भएर काम गरेमा फौजदारी न्याय प्रणालीमा टिकाटिपणी नरहने बताउनुभयो । भौतिक प्रमाणको संकलन र संरक्षणमा प्रहरी र सरकारी वकीलहरु अत्यन्तै संवेदनशील हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

नायब महान्यायाधिवक्ता नारायण प्रसाद पौडेलले सम्मेलनमा पारित भएको घोषणापत्र बारेमा जानकारी गराउनुभएको उक्त समारोहमा सम्मेलनमा भएका छलफलका विषयको महत्व र प्रभावकारिताबारे सहभागी अनुसन्धानकर्ता प्रहरीकोतर्फबाट प्रहरी नायव महानिरीक्षक कमल बहादुर जिटी, पर्यवेक्षकको तर्फबाट फोरेन्सिक मेडिसिन विज्ञ डा. हरिहर वस्ती, अभियोजनकर्ता सरकारी वकीलकोतर्फबाट सहन्यायाधिवक्ता रमादेवी पराजुलीले मन्तव्य व्यक्त गर्नुभएको थियो । विविध विषयमा विस्तृत छलफल, अन्तरक्रिया भएको उक्त सम्मेलनमा विभिन्न विज्ञहरुले कार्यपत्र समेत प्रस्तुत गर्नुभएको थियो ।

'व्यावसायिक चरित्र, पारदर्शी व्यवहार, निष्पक्ष अनुसन्धान र अभियोजन न्यायको आधार' भन्ने अवधारणा सहित शुरु भएको उक्त सम्मेलनमा सरकारवादी फौजदारी मुद्दाको अनुसन्धानकर्ता नेपाल प्रहरीका अनुसन्धान अधिकृतहरु, अभियोजनकर्ता सरकारी वकिलहरु र विधिविज्ञान विज्ञ समेतका सरोकारवाला निकायका प्रतिनिधिहरु तथा महान्यायाधिबक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयबाट तोकिएका समेत गरी जम्मा ६ सय २५ जनाको सहभागिता रहेको थियो ।

खेलकुद

# प्रधानसेनापति अन्तर्राष्ट्रिय महिला फुटबल : एपीएफ फाइनलमा

एपीएफ क्लब जारी सातौँ प्रधानसेनापति अन्तर्राष्ट्रिय महिला फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । नेपाल पुलिस क्लबलाई ५-२ गोलले हराउँदै एपीएफ फाइनलमा प्रवेश गरेको हो । नेपाली सेनाको भद्रकालीस्थित मुख्यालयको खेल मैदानमा आज भएको सेमिफाइनलमा एपीएफले शुरुआतदेखि नै पुलिस क्लबलाई दबाबमा राखेको थियो । एपीएफकी सावित्रा भण्डारीले ह्याट्रिक गर्नुभयो ।

यस्तै अनिता बस्नेत र रेखा पौडेलले एक/एक गोल गर्नुभएको थियो । पुलिस क्लबका लागि घिमकुमारी गुरुङ र निशा सुनुवारले एक/एक गोल गर्नुभएको थियो । एपीएफले त्रिभुवन आर्मी क्लब र भूटानको टोलीबीच हुने दोस्रो सेमिफाइनलको विजेतासँग उपाधिका लागि खेल्नेछ ।

एपीएफका लागि सावित्राले खेलको तेस्रो मिनेटमै गोल गर्नुभएको थियो । यस्तै पुलिसकी निशाले खेलको ४३औं मिनेटमा गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा पुऱ्याउनुभएको थियो । मध्यान्तरअघिको इन्जुरी समयमा एपीएफकी अनिताले दोस्रो गोल गर्नुभयो । लगत्तै पुलिसकी घिमकुमारीले गोल गर्नुभयो ।

मध्यान्तरपछिको खेल सकिँदासम्म एपीएफ र पुलिस २-२ गोलको बराबरीमा थिए । त्यसपछिको अतिरिक्त समयमा एपीएफका लागि सावित्राले दुई तथा रेखाले एक गोल गर्नुभयो ।

आर्मी र भूटानको टोलीबीच अहिले केही बेरमा सेनाको मुख्यालयस्थित खेल मैदानमा दोस्रो सेमिफाइनल खेल हुँदैछ ।

## शहीद स्मारक 'ए' डिभिजन लिगः मनाङद्वारा आर्मी पराजित

शहीद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगिताअन्तर्गत भएको पहिलो खेलमा मनाङ मर्स्याङ्दी क्लब विजयी भएको छ । त्रिपुरेश्वरस्थित दशरथ रङ्गशलामा भएको खेलमा मनाङ मर्स्याङ्दीले त्रिभुवन आर्मी क्लबलाई १-० गोलअन्तरले पराजित गरेको हो । मनाङको जीतमा दयानन्द सिंहले निर्णायक गोल गर्नुभयो । उहाँले खेलको मध्यान्तरपछिको अत्तिरिक्त समयमा रिबाउन्ड बललाई सदुपयोग गर्दै गोल गर्नुभएको थियो ।

जितसँगै मनाङ लिगको शीर्ष स्थानमा उक्लिएको छ । मनाङले दुई खेलमा शीर्ष ६ अङ्क जोडेको छ । यसअघि मनाङले आफ्नो पहिलो खेलमा विभागीय टोली सशस्त्र प्रहरी बल (एपिएफ)लाई २-० गोल अन्तरले पराजित गरेको थियो । यता पराजित आर्मीको भने यो पहिलो हार हो । आर्मीले



पहिलो खेलमा फ्रेन्ड्स क्लबलाई २-१ गोल अन्तरले पराजित गरेको थियो । खेलमा मनाङका गोल रक्षक दीप कार्की 'म्यान अफ दी म्याच' घोषित हुनुभयो ।

## डिभिजन बन कार्यालय चितवनको अनुरोध

- गैंडा, बाघलगायत संकटापन्न बन्य जन्तु, बन/बनस्पति र वासस्थानको संरक्षण र व्यवस्थापनमा ध्यान दिउँ, जैविक विविधताको संरक्षण गरौं ।
- कानूनबाट निषेध गरिएका बन्यजन्तुका अखेटो, पहार (हाड, छाला, दाँत, सिङ, पुच्छर) जस्ता चिज वा सो बाट बनेका बस्तुहरुको प्रयोग नगरौं ।
- बनमा पिकनिक खाई जथाभावी आगो नछोडौं, सानो आगोको झिल्कोले अमूल्य बन र बन्यजन्तुको नोक्सान पुऱ्याउन सक्छ ।
- यस समयमा प्रत्येक सा. बनहरुले कार्य योजना उल्लेख भए बमोजिम बनको उचित किसिमले बन व्यवस्थापनका कार्यहरु गरौं ।
- कानूनले वञ्चित गरेका बन पैदावारहरु बिना इजाजत आफू खुशी प्रयोग नगरौं, प्रयोग भएको पाइएमा तुरुन्त जि.व.का. मा खबर गरौं ।
- बन्यजन्तु बन क्षेत्रबाट बाहिर निस्कि कसैको क्षति पुऱ्याउन लागेमा तुरुन्त डिभिजन बन कार्यालय चितवनको फोन नं. ०५६- ५२०२१५ वा प्रहरी कार्यालय १०० मा खबर गरौं ।

छोरीलाई पनि छोरा सरह स्कूल पठाऔं

# रामेछाप डायरी

## नेकपा सुनापती र उमाकुण्ड गाउँपालिकाले टुंगो लगायो

रामेछाप । नेपाल कम्युनिष्ट पार्टी सुनापती गाउँपालिकाको गाउँ कमिटीले पूर्णता पाएको छ । नेकपा सुनापती गाउँपालिकाले ७५ सदस्यीय गाउँपालिका कमिटी टुंगो लगाएको छ । पार्टी एकता भएको डेढ बर्षपछि नेकपा जिल्ला कमिटीले अध्यक्ष, सचिव र कार्यालय सदस्यको टुंगो लगाएसँगै पाँच वटै वडाको कमिटीलाई पनि पूर्णता दिएको छ । नेकपा सुनापती गाउँ कमिटीले पाँच वटै वडा कमिटीको अध्यक्ष, सचिवको पनि टुंगो लगाएको छ । यसअघि नेकपा जिल्ला कमिटीले सुनापती गाउँपालिकाको अध्यक्षमा ज्ञान योञ्जन, सचिवमा रामकृष्ण लामा र कार्यालय सदस्यहरुमा सोपप्रसाद सापकोटा, रोज ग्यापक, रामकृष्ण घिसिङलाई चयन गरेको छ ।

सुनापती गाउँपालिका-१ गुन्सीको वडा कमिटीको अध्यक्षमा सोमप्रसाद सापकोटा सचिवमा टिका थापामगर, वडा नम्बर २ दिमीपोखरी वडा कमिटीको अध्यक्षमा पदम बहादुर थापा मगर, सचिवमा चन्द्र बहादुर तामाङ, वडा नम्बर ३ हिलेदेवी वडा कमिटीको अध्यक्षमा मुकेश तामाङ र सचिवमा हिमाल ग्याबक, वडा नम्बर ४ बेथान वडा कमिटीको अध्यक्षमा दण्डुप लामा, सचिवमा मान बहादुर खत्री, वडा नम्बर ५ खनियापानी वडा कमिटीको अध्यक्षमा नवराज ढुंगाना र सचिवमा हरि बहादुर लामा चयन भएका छन् । वडा कमिटी २५ सदस्यीय रहको छ । त्यस्तै पार्टी एकीकरण भएको डेढ बर्षपछि नेकपा उमाकुण्ड गाउँपालिका कमिटीले पूर्णता पाएको छ । नेकपाले उमाकुण्ड गाउँपालिकाको अध्यक्ष, सचिव र कार्यालय सदस्यको टुंगो लगाएसँगै ७५ सदस्यीय गाउँ कमिटीलाई पनि पूर्णता दिएको छ । उमाकुण्ड गाउँपालिकाको सात वटा वडाको अध्यक्ष, सचिव, कार्यालय सदस्य र वटा कमिटीका सदस्यहरुको घोषणा गरिएको छ ।

नेकपा जिल्ला कमिटीले उमाकुण्ड गाउँपालिकाको अध्यक्षमा चित्र बहादुर कार्की र सचिवमा रिता रसाइलीलाई चयन गरेको थियो । त्यसैगरी नेकपाले उमाकुण्ड गाउँपालिकाको पाँच सदस्यीय कार्यालय सदस्यको पनि चयन गरिसकेको छ । शनिवार पार्टी एकता भएपछि पहिलो पटक गाउँपालिकामा आयोजित सपथ कार्यक्रममा नेकपा रामेछापका जिल्ला इन्चार्ज देवशकंर पौडेल, जिल्ला अध्यक्ष मैन कुमार मोक्तान, सचिव शान्ति पौडेल, पूर्व सभासद तारानारायण श्रेष्ठ तीन नम्बर प्रदेश कमिटीका सदस्य टंकलाल घिसिङ, प्रेम कुमार कार्की'सेवक' लगायतका नेताहरुको सहभागीतमा नवगठित कमिटीका अध्यक्ष, सचिव र कमिटीका सदस्यहरुलाई सपथ गराइएको छ । नेकपाले उमाकुण्ड गाउँपालिका-१ को अध्यक्षमा तिल कुमार कार्की, सचिवमा अमृत बहादुर कार्की, वडा नम्बर २ को वडा अध्यक्षमा प्रदिप बस्नेत, सचिवमा छोङवा शेर्पा, वडा नम्बर ३ को वडा अध्यक्षमा गुण कुमार थापा, सचिवमा भोज बहादुर सुनुवार, वडा नम्बर ४ को वडा अध्यक्षमा टिकाराम विसुन्खे, सचिवमा अमर बहादुर कार्की, वडा नम्बर ५ को वडा अध्यक्षमा पूर्ण प्रसाद गुरागाई, सचिवमा नकुल तामाङ, वडा नम्बर ६ को वडा अध्यक्षमा चन्द्र बहादुर सुनुवार, सचिवमा ललित बहादुर सुनुवार र वडा नम्बर ७ को वडा अध्यक्षमा लोक बहादुर सुनुवार र सचिवमा हरीकाजी श्रेष्ठ चयन भएका छन् ।

## महायज्ञबाट १० लाख ३३ हजार ७ सय ४२ रकम संकलन

रामेछाप । उमाकुण्ड गाउँपालिकाका अध्यक्ष शेरबहादुर सुनुवारले गाउँपालिकाभित्रको विकास निर्माणमा कही कतै पनि भेदभाग नगरिएको बताउनुभएको छ । उहाँले गाउँपालिकाको सात वटै वडालाई समान ढंगले विकास निर्माणको काम अगाडि बढाइएको बताउनुभएको हो । गाउँपालिका-२ बाम्तीभण्डारमा आयोजित श्रीमदभागवतको सप्ताह ज्ञान महायज्ञको समापन कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिकाका अध्यक्ष सुनुवारले गुम्देलका वडा अध्यक्ष नुर्बु शेर्पाले वडाको विकास भएन भनेर गरेको गुनासोमा कुनै सत्यता नभएको दावी गर्नुभयो । गाउँपालिकाभित्र सञ्चालन हुने विकास निर्माणको कामको बारेमा सल्लाह सुझाव दिन पनि नागकिरहरुलाई उहाँले आग्रह गर्नुभयो । बाम्तीभण्डारस्थित पाँगा शिबजी मन्दिर निर्माण गर्ने उद्देश्यले आयोजित महायज्ञबाट १० लाख ३३ हजार ७ सय ४२ रकम संकलन गरिएको छ । संकलित रकम मन्दिरको पूर्वाधार निर्माणमा खर्च गरिने श्रीमत भागवत मुल समारोह समितिका सचिब कमल बहादुर बस्नेतले जानकारी दिनुभयो ।

## रामेछाप नगरपालिकाको सार्वजनिक सुनुवाई पुस ११ गते

रामेछाप जिल्लाको रामेछाप नगरपालिकाले सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने भएको छ । नगरले चालु आर्थिक वर्षको चौमासिक सम्म सम्पन्न गरेको काम र त्यसको सार्वजानिक सेवाप्रवाहको अवस्थाबारे नगरवासीलाई जानकारी दिने उद्देश्यले कार्यक्रम गर्न लागेको रामेछाप नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत दिपेन्द्र पौडेलले जानकारी दिनुभएको छ । कार्यक्रममा सहभागी भएर आमनागरिकले नगर तथा आफ्नो वडाले गरेको कामहरुको बारेमा प्रश्न,जिज्ञासा र गुनासो राख्न सकिने उहाँले बताउनुभयो । कार्यक्रम सान नेपालको सहजिकरणमा यही पुस ११ गते शुक्रबार रामेछाप नगरपालिका वडा नं ३ साँघुटार वडा कार्यालय परिसरमा हुनेछ । यस अघि मंसिर २८ गते शनिबार हुने भनिएको सार्वजनिक सुनुवाइ कार्यक्रम निरन्तरको अविरल वर्षका कारण स्थगित भएको छ ।

## वुद्धभावानी माविका चन्दादाताहरु सम्मानित

रामेछाप । रामेछापको खाँडादेवी गाउँपालिका- ६ माकादुम स्थित वुद्धभवानी माविले विद्यालयका चन्दाताहरुलाई सम्मानित गरेको छ । विद्यालयले एक कार्यक्रमको आयोजना गरि जग्गादाता तथा जग्गा खरिद र १२ कक्षा सञ्चालनको लीग आर्थिक सहयोग गर्ने चन्दादाताहरुलाई सम्मानित गरिएको हो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तेजबहादुर बोहोराको अध्यक्षतामा भएको कार्यक्रममा चन्दादाताहरुलाई दोसल्ला तथा प्रमाणपत्र प्रदान गरि सम्मानित गरिएको विद्यालयका प्रधानाध्यपक रामचन्द्र खत्रीले जनाकारी दिए । चन्दातातााहरुलाई गाउँपालिका अध्यक्ष प्रेमबहादुर तामाङ तथा उपाध्यक्ष मखमली श्रेष्ठले सम्मानित गरेका थिए । कार्यक्रममा बोल्दै वडाअध्यक्ष पुष्कर कार्कीले दाताहरुहरुले दिएको सहयोगको उचित सदुपयोग गर्न अभिभावक, शिक्षक तथा विद्यार्थीहरु लाग्नु पर्ने बताए । अभिभावक विद्यालयको गतिविधिमा सहभागि नभएसम्म विद्यालयको शिक्षाको गुणस्तर खोज्न नसकिने उनले बताए । २०१६ सालमा स्थापना भएको सो विद्यालयले यस वर्षबाट मानविकि र शिक्षा विषयमा दश जोड २ को पठनपाठन सुरु गरेको छ ।

# भ्रष्टको हातमा कानुन



कृष्ण बहादुर बोगटी 'काका'
धुम्बाराही ४, काठमाडौं

नेपालमा अब प्रधानमन्त्रि प्रत्यक्ष चुनाव गर्नुपर्छ अनी कुनैपनी ठुला पार्टी भनौदाहरुले जित्नै छैन प्रचण्ड केपी माधव झलनाथ कसैले पनी जिते म आत्मदाहा गरी मर्नेछु अब नेपाली जनताले रवीलाई प्रधानमन्त्रि र राष्ट्रपतिमा ज्ञानेन्द्र शाहीलाई ल्यायो भने मात्र दुखी गरिबले दुई छाक खान लाउन र निर्धक्क हिड्न पाउनछन न्याय निसाब पनी हुन्छ कुनै पनी पार्टीले जिते गरिबले भ्रष्टाचारी झोलेहरुको विरोध गरे जसरी पनि झुटो मुद्धा लगाई फसाई दिन्छ मलाई पनी नेकपाको झोलेले भ्रष्टाचार गऱ्यो मैले विरोध गरे अनी मलाई आफैले पालेर राखेको बच्चीलाई ललाई फकाई मेरो विरोधमा बोल्न लगाई अफीसको कर्मचारी मास्टर्नी लाई प्रलोभनमा पारी मलाई फसाई दियो। मैले नेपाल मानव अधिकार आयोगमा धेरै पत्र लेखे धेरै जसो संघ संस्थामा अनुरोध गरे न्यायाधिस सरकारी वकिल प्रलोभन मा पऱ्यो भनी न्यायाधिस विरुद्ध पनी छानविन गर्नु पर्ने भएकोले न्यायपरिषदमा पनी उजुरी गरे मलाई फसाउनेको नाम सबै पत्र पत्रीकामा प्रकासित गरे तर पनी कुनै छानविन भएन किनकी मलाई फसाउने नेकपाको झोले थियो मलाई फसाउनेले कसरी भ्रष्टाचार गर्छ सबै प्रमाण सहित प्रकाशित गरे तर पनि कसैले पनी झोलेको विरोध गर्न सकेनन् किनकी उ थियो भ्रष्टाचारी डलर खेती गर्ने म परे घरबार बिहिन इमान्दार गरिब नेपालमा जो संग पैसा पाहुर छ नियम कानुन सबै उसैको खल्तीमा मात्र छ नियम कानुन सबै उसैको खल्तीमात्र मात्र हुन्छ धेरै ठूलाठूला भ्रष्टाचारी भुमाफिया मेडिकल माफिया तस्कर सबै नेता मन्त्री र झोलेहरुको साथ दिएको देखिन्छ कुनैपनी गरिब दुखीलाई कुनैपनि नेता मन्त्रीहरुले गरिबलाई साथ दिएको देखिदैन सबै नेतामन्त्री पार्टीको झोले सबै भ्रष्टकै साथ देखिन्छ गरिब कर्मचारी कसैले पनी भ्रष्टको विरोध गरे कुनैपनि जाल बुनी झुटो आरोप लगाई फसाइन्छ जसरी भ्रष्टको विरोध गर्दा मलाई सबै पैसा पाहुर लगाई झुटो रिपोर्ट तयार गरी फसाई दियो। समाज सेवा गर्छु भन्ने नेकपाका झोले हरुको अकुत सम्पत्ति कहाँबाट आयो छानविन हुनुपर्छ गरिब सडक बच्चा फसाई डलर खानेको मैले धेरै विरोध गरे अनी मलाई बच्ची किनी प्रहरी किनी सरकारी वकिल न्यायाधिस किनी मलाईफसाई दियो।

सबै प्रमाण म संग छ प्रकासित पनी गरी सके तर नेकपाको झोले भएकोले कार्वाही हुन सकेन मलाई मात्र कार्वाही भयो अब कुनै पनी निर्दोष नफसोस भ्रष्ट कुनै पार्टीको भए पनी अख्तियारले नछोडोस मैले अख्तियार सम्पत्ती शुद्धिकरण राष्ट्रपति कार्यालय प्रम कार्यालय राष्ट्र बैंक मानव अधिकार आयोग सबैतिर पत्र द्वारा अनुरोध गरे तर भ्रष्टलाई कसैले पनी कार्वाही गरेन बरु निर्दोष फस्यो जय नेपाल आमा।
हाल चक्रबहिल १२, ललितपुर

## दाङमा पर्यटन वर्ष भव्यरुपमा मनाउने तयारी

दाङ। दाङमा पर्यटन वर्ष २०२० लाई भव्यरुपमा मनाउने तयारी गरिएको जिल्ला पर्यटन प्रवर्द्धन समिति दाङले जनाएको छ। पुस १६ गते घोराही उपमहानगरपालिका-१३ बाह्कुने दहमा आपौचारिक कार्यक्रम गरी भ्रमण वर्षको शुभारम्भ गरीने जिल्ला पर्यटन प्रवर्द्धन समितिका संयोजक प्रमुख जीतेन्द्रमान नेपालीले जानकारी दिनुभयो। त्यसैगरी पर्यटन वर्षलाई वर्षदिन भरी भव्यरुपमा मनाउन जिल्ला तहमा २१ सदस्यीय समिति गठन गरिएको समेत उहाँले बताउनुभयो। साथै दाङका १० वटै पालिकामा पालिका स्तरका समिति गठनसमेत गरिने जनाइएको छ। समितिका सदस्य श्रीधर पौडेलले भ्रमण वर्ष शुभारम्भका दिन झाँकीसहितको ऱ्याली, पाहुना बोलाउनेलगायतका कार्यक्रम रहेको जानकारी दिनुभयो।उहाँले भन्नुभयो "जिल्लामा के कति पर्यटकीयस्थल छन् र त्यसको बारेमा पर्यटकलाई जानकारी दिनको लागि प्रचारप्रसारमा समेत जुटेका छौं।"

त्यसैगरी भ्रमण वर्ष सफल बनाउन र दाङका सम्पदाको प्रचारप्रसारका गर्न बस व्यवसायीले पहल थालेका छन्। त्रिशिद्धेश्वरी राप्ती यातायात सेवा प्रालिले दाङका पर्यटकीय सम्पदासहितको पोष्टर बनाएर बसमा टाँस्न शुरु गरेको छ। घोराही- दाङमा विशेष गरी धार्मिक, ऐतिहासिक र प्राकृतिक पर्यटकीयस्थल छन्। पछिल्लो समय दाङको धार्मिक पर्यटकीयस्थल सँगसँगै प्राकृतिक पर्यटकीयस्थलमा समेत आन्तरिक तथा बाह्य पर्यटकको भीड लाग्ने गरेको छ। दाङको घोराहीमा रहेको पाण्डवेश्वर मन्दिर, अम्बिकेश्वरी मन्दिर, बराह मन्दिर, बगारबाबा धार्मिकस्थल, गोरक्षरत्ननाथ क्षेत्र, रिहार धामलगायतका बिभिन्न ठाउँ धार्मिक पर्यटक धेरै भित्रिने स्थान हुन्। यस्तै पुन्धाराको झरना, जखेडा ताल, चमेरे गुफा, घोडदौरा, सवारीकोट, मौलाकोट, छिल्लीकोट, ज्यामिरे ताललगायतका क्षेत्र प्राकृतिक पर्यटकीयस्थल हुन्। आन्तरिक तथा बाह्य पर्यटक घुम्न, हेर्न, रमाइलो गर्नको लागि आउने गर्दछन्। ती क्षेत्रमा बिदा वा शनिवारको दिनमा घुम्न जाने, फोटो खिच्ने, वनभोज जानेको घुइँचो नै लाग्ने गर्दछ। पछिल्लो समय दङ्गीशरणमा रहेको थारू सङ्ग्रहालय, घोराहीमा रहेको थारू ग्राम, गडवामा रहेको अवधिग्राम, घोराही सवारीकोटमा रहेको मगरग्रामलगायतका ठाउँमा समेत अवलोकन गर्नेको घुइँचो लाग्ने गरेको छ। रिहार तुलसीपुरको प्रसिद्ध मेला हो। थारू कल्याणकारिणीसभा दाङको मुख्य आयोजना र बिभिन्न सङ्घसंस्थाको सहआयोजनामा दाङको घोराहीमा माघ महोत्सव हुने भएको छ। थाकस दाङका अध्यक्ष भुवन चौधरीले दिएको जानकारीअनुसार पुस २५ र २६ गते घोराहीको कर्मचारी मिलन केन्द्रको प्राङ्गणमा महोत्सव हुने छ। महोत्सवमा दाङ जिल्लाभरिका विभिन्न गाउँको मघौटा नाच, बर्का नाचसँगै राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुति रहने थाकस दाङका सचिव प्रकाश चौधरीले जानकारी दिनुभयो।

# महोत्सवको आयोजना उद्योग वाणिज्य महासंघले मात्र गर्न पाउनुपर्छ- उपाध्यक्ष ढकाल

काठमाडौं। नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष एवम् आइएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकालले स्थानीय स्तरको व्यावसायिक प्रवर्द्धनका लागि देशका विभिन्न क्षेत्र र जिल्लामा आयोजना हुने मेला महोत्सवको आयोजनाको काम नेपाल उद्योग वाणिज्य महासंघ र यस मातहतका संघसंस्थाहरुले मात्र गर्न पाउनुपर्ने बताउनुभएको छ।

स्याङ्जामा शुक्रबार आयोजित 'गण्डकी प्रदेशस्तरीय स्याङ्जा महोत्सव' को प्रमुख अतिथिका रुपमा सम्बोधन गर्दै भन्नुभयो- स्थानीय उत्पादन, सीप र कलालाई प्रवर्द्धन गरी बजारसम्म पुऱ्याउने यो काम नेपाल उद्योग वाणिज्य महासंघ र यस मातहतका संघ संस्थाहरुले नै गर्ने हो अरुले होइन।

उहाँले अबदेखि यस्ता मेला महोत्सवहरुको आयोजना गर्ने काम नेपाल उद्योग वाणिज्य महासंघ र यस मातहतका संघसंस्थाहरुलाई मात्र दिनुपर्ने प्रावधानका लागि सम्बन्धित सबै प्रदेश सरकारहरु र संघीय सरकारसमक्ष नेपाल उद्योग वाणिज्य महासंघ र आफ्नो व्यक्तिगत तर्फबाट पहल गर्ने बताउनुभयो।

उपाध्यक्ष ढकालले भन्नुभयो- यस प्रयोजनका लागि म नेपाल उद्योग वाणिज्य महासंघको नेतृत्वको हैसियतले संघीय सरकारसँग कुरा गर्नुपर्ने लगायतका आवश्यक सबै पहल गर्नेछु।

सो कार्यक्रममा उहाँले यस्ता स्थानीय स्तरका मेला महोत्सवहरुका आयोजकहरुलाई स्थानीय उत्पादन, सीप, कलाको प्रदर्शन गरी उनीहरुलाई नै उत्प्रेरित गर्ने र आगामी दिनमा यही क्षेत्रमा उद्यमशिलताका ढोकाहरु खोलिदिने अवसरका रुपमा विकास गर्न पनि आग्रह गर्नुभयो।

उहाँले नेपाल उद्योग वाणिज्य महासंघ कमजोर नभएको स्पष्ट पनि गर्नुभयो। सम्मेलनका क्रममा बोल्ने स्थानीय व्यवसायीहरुले महासंघ कमजोर भएको र स्थानीय स्तरका साना व्यवसायीहरुको हकहितका सहयोग र समन्वय गरी आएको बताउँदै आगामी दिनमा उनीहरुको व्यावसायिक हक हितका लागि अझ बलियो भएर काम गर्ने बताउनुभयो।

उहाँले गण्डकी प्रदेशस्तरका समग्र व्यवसायीलाई सम्बोधन गर्दै भन्नुभयो- म नेपाल उद्योग वाणिज्य महासंघको नेतृत्व तहमा बसेको र आफै पनि एकजना उद्यमी तथा बैंकरका हैसियतले यहाँहरुलाई यो आस्वस्त पार्न चाहन्छु कि महासंघले तपाईंहरुका समस्याको समाधान गर्न जरुरी छ र यो कार्य उद्योगी, व्यवसायीको हकहितको संरक्षण र सम्वर्द्धनबाट मात्र सम्भव छ।

नेपालको आर्थिक विकास तथा समृद्धिको यात्रामा निजी क्षेत्रको ठूलो योगदान रहेको भन्दै उहाँले देश विकासको तीन खम्बे अर्थनीतिमा निजी क्षेत्र एक दरिलो खम्बा भएकोले यससँगको सहकार्य र साझेदारीबाट मात्र देशमा समृद्धि आउने बताउनुभयो।

उहाँले नेपाल नयाँ राजनीतिक




संरचनामा प्रवेश गरेसँगै संघीय, प्रदेश र स्थानीय सरकारहरुमा आ-आफ्ना क्षेत्रमा लगानी भित्र्याउन प्रतिस्पर्धा देखिनु सकारात्मक भए पनि सरकारी संयन्त्रको पुरानै मानसिकताका कारण व्यावसायी लाई सोचे जस्तो सहज वातावरण भने नरहेको गुनासो गर्नुभयो।

कुरालाई केन्द्र सरकारसमक्ष 'लबिङ' गर्न नसकेको भनी गरेको गुनासोको सम्बोधन गर्दै महासंघ कमजोर नभएको र सबै व्यवसायीहरुको हक हितका पक्षमा काम गरिरहेको बताउनुभयो। महासंघले जिल्ला तथा नगर उद्योग वाणिज्य संघहरुलाई आवश्यक र सक्दो र व्यावसायिक हक हितको संरक्षण गर्न कुनै कसर बाँकी राख्ने छैन।

मुलुकको आर्थिक क्रिया कलापलाई गति दिन, रोजगारीको सिर्जना गर्न तथा देशमा उद्यमशिलताको वातावरण बनाउन पनि स्थानीय स्तरदेखि प्रदेश हुदै केन्द्रसम्म व्यवसायिक प्रवर्द्धन गर्नु

## अन्तराष्ट्रिय समाचार

## १७५ बालबालिकामाथि यौन दुर्व्यवहार

एउटा अति-अनुदारवादी रोमन क्याथोलिक चर्चको मेक्सिको शाखाका पादरीहरूले कम्तीमा १७५ जना बालबालिकाको यौन दुव्र्यवहार गरेको शनिवार सार्वजनिक एक आन्तरिक प्रतिवेदनमा उल्लेख गरिएको छ। प्रतिवेदन अनुसार क्रिश्चियन धर्मसंघ सम्बन्धित 'लिगनरी अफ क्राइस्ट' का संस्थापक मार्सियल मासिएलसहित ३३ पादरी वा 'डेकन' ले कम्तीमा ६० बालबालिकामाथि सन् १९४१ देखि अहिलेसम्म यौन दुर्व्यवहार गरेको स्वीकार गरेका छन्।

समूहका महानिर्देशक एडुआर्डो रोबल्स-गिलद्वारा स्थापना गरेको एक आयोगद्वारा गरिएको अनुसन्धानले सन् १९४१ मा लिगनरी अफ क्राइस्टको स्थापनादेखि सन् २०१९ को डिसेम्बर १६ सम्म गरेको अनुसन्धान रिपोर्टलाई 'सेरोआबुसोस डट ओराजी' मार्फत् सार्वजनिक गरिएको छ।

यौन दुव्र्यवहार भएका भनिएका सबै बालबालिका ११ वर्षदेखि १६ वर्ष उमेर समूहका रहेका छन्, क्रिश्चियन उक्त संस्थाको सहयोगमा गत जुनमा स्थापना भएको एक आयोगले गरेको अनुसन्धान प्रतिवेदनमा भनिएको छ।

अनुसन्धानमा आरोपित ३३ पादरीमध्ये अझै १८ जना अझै पनि उक्त संस्थामा सम्लग्न रहेका बताइएको छ। तर संस्थाले उनीहरूलाई नागरिक वा बालबालिकासँग जोडिने कुनै पनि कामबाट टाढा गरिसकिएको छ।

अझ आश्चर्यको कुरा के छ भने आरोपित ३३ मध्ये १४ जना त लिगनरीहरूबाट नै पिडित भएका बताइएको छ। बालबालिकालाई कसरी यौन दुर्व्यवहार गरिएको थियो र दुव्र्यवहारका घटना कसरी अहिलेसम्म पनि जोडिएका छन् भन्नेबारेमा प्रतिवेदनले स्पष्ट व्याख्या गरेको छ। प्रतिवेदनमा उल्लेख गरिएका व्यक्तिभन्दा बढी व्यक्ति दुव्र्यवहारमा परेका पनि हुन सक्ने तर अध्ययनले सबै समेटन नसकेको पनि बताइएको छ। यद्यपि अनुसन्धान र अध्ययनलाई भविष्यमा पनि जारी राख्ने सेरोआबुसेसले जनाएको छ। सेरोआबुसेसले भनेको छ, विभिन्न ४५ पिडितहरुलाई 'क्षतिपूर्ति र मेलमिलाप' गराउने प्रक्रिया जारी छ र यसलाई अझ धेरैमा विस्तार गर्नुपर्ने महसुस गरिएको छ।

## क्युवामा चार दशकपछि प्रधानमन्त्री नियुक्त

क्युवाका राष्ट्रपति मिगुएल दाएज केनलले दैनिक प्रशासनका काम हेर्नेगरी सिमित अधिकारसहित चार दशकपछि प्रधानमन्त्री नियुक्त गर्नुभएको छ। राष्ट्रपति केनलले लामो समयसम्म पर्यटनमन्त्रीको जिम्मेवारी सम्हालेका मारेरो क्रुजलाई शनिवार पाँच वर्षका लागि प्रधानमन्त्री नियुक्त गर्नुभएको क्युवाको समाचार संस्था एसीएनले जनाएको छ।

क्युवामा फिडेल क्यास्ट्रोपछि मारेरो प्रधानमन्त्री बन्नुभएको हो। क्यास्ट्रोले सन् १९७६ डिसेम्बरमा राज्यपरिषद्को प्रमुख भएपछि क्युवामा प्रधानमन्त्रीय प्रणालीलाई अन्त्य गर्दै आफू राष्ट्रपति बन्नुभएको थियो।

एसीएनले भनेको छ, क्रुजको नियुक्तिलाई क्युवाको नेशनल एसेम्लीको शनिवार बसेको वार्षिक अधिवेशनको अन्तिम बैठकमा सभाका ५९४ सदस्यहरुले एकमतले अनुमोदन गरेका छन्। क्युवाको कानून अनुसार कुनै पनि नयाँ नियुक्तिलाई सदर गर्न सभाको पूर्ण बहुमत आवश्यक पर्ने व्यवस्था रहेको छ। यसैगरी शनिवारको बैठकले नै उपप्रधानमन्त्री तथा मन्त्रीपरिषद्का अन्य सदस्यलाई पनि जिम्मेवारी दिएको छ।

क्युवामा केनल राष्ट्रप्रमुख रहनुहुन्छ भने भूतपूर्व राष्ट्रपति तथा शक्तिशाली नेता राहुल क्यास्ट्रो कम्युनिष्ट पार्टीको प्रथम मन्त्री हुनुहुन्छ। उहाँहरुबीच नै सरकार सञ्चालनको वास्तविक शक्ति निहित रहने गर्छ।

क्युवाले तत्कालिन राष्ट्रपति फिडेल क्यास्ट्रोको पालामा प्रधानमन्त्रीलाई हटाएर मन्त्रीपरिषद् राष्ट्रपतिप्रति नै जिम्मेवार रहने कानूनलाई संशोधन गर्दै सन् २०१९ को फेब्रुवरीमा भएको राष्ट्रव्यापी मतदानद्वारा नयाँ संविधान निर्माण गरिएको थियो। यसै अनुरूप प्रधानमन्त्रीको नियुक्ति भएको हो।

## महाभियोग पक्षपातपूर्ण रहेको रिपब्लिकन दलको दाबी

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पविरुद्ध अमेरिकी संसदको तल्लो सदन हाउस अफ रिप्रेजेन्टेटिभले लगाएको महाभियोग एक पक्षपातपूर्ण काम भएको सिनेटका एकजना रिपब्लिकन नेताले बताउनुभएको छ।

सिनेटमा रिपब्लिकनतर्फका नेता मिच मक्कनलले सो कुरा बताउनुभएको हो। उहाँले डेमोक्र्याटहरुको पहलमा आएको यो महाभियोगको प्रस्ताव अमेरिकाको राजनीतिक इतिहासमा सबैभन्दा धेरै हतार गरेर ल्याइएको प्रस्ताव भन्नुभएको छ। साथै उहाँले यस कार्यलाई विपक्षीहरुले गरेको एउटा अनुचित काम भएको पनि भन्नुभएको समाचारमा जनाइएको छ।

तल्लो सदन प्रतिनिधि सभामा डेमोक्र्याट पार्टीले नेतृत्व गरेको छ। तल्लो सदन प्रतिनिधि सभाले राष्ट्रपति डोनाल्ड ट्रम्पविरुद्ध पक्षपातपूर्ण रुपमा तथा आक्रोशमा आएर यस्तो काम गरेको बताउनुभयो।

उहाँले अहिले यसरी राष्ट्रपतिका विरुद्धमा आक्रोस पोख्दा यस्ता कार्यले भविष्यका लागि पनि राम्रो नगर्ने बताउनुभयो। तर डेमाक्र्याटका नेताहरुले भने राष्ट्रपतिका विरुद्धको यस महाभियोगको कदमको बचाउ गरिरहेका छन्। उता रिपब्लिकनका अरु पनि केही नेताहरुले अमेरिकाका प्रजातान्त्रिक संस्थाहरूमा नै यस कदमले आगामी दिनमा क्षति पुऱ्याउन सक्ने जानकारी पनि गराएका प्राप्त समाचारमा जनाइएको छ। तर यो महाअभियोग सफल नहुने राष्ट्रपति ट्रम्पले बताउदै आउनुभएको छ। उहाँको यो अभियोग अब त्यसबारेको सुनुवाइको सामनाका लागि माथिल्लो सदनमा जानेछ। सिनेटमा रिपब्लिकनहरूको बाहुल्यता रहेको छ। यस कारण पनि राष्ट्रपति ट्रम्पलाई शक्तिबाट हटाइन सक्ने कुनै पनि सम्भावना देखिँदैन।

## भारतको दिल्लीमा नौ जनाको मृत्यु

भारतको नयाँ दिल्लीमा सोमबार बिहान भएको आगलागीमा परी कम्तीमा नौ जनाको मृत्यु भएको छ। मृत्यु भएका मध्ये चार महिला र तीन बालबालिका रहेका छन्। आवासीय भवनमा आगलागी भएको सरकारी अधिकारीहरुले जनाएका छन्। नयाँ दिल्लीको उत्तरपश्चिमी क्षेत्रमा पर्ने किरारीमा रहेको चार तले भवनमा आगलागी भएको हो। दिल्ली अग्नी नियन्त्रण विभागका अधिकृत अजयकुमारले सो आगलागीमा मारिएमा तीन जना चिन्नै नसकिने गरी पूर्ण रुपमा जलेका सिन्ह्वा समाचार समितिलाई बताउनु भएको छ। आगो पूर्णरुपमा नियन्त्रणमा लिइसकेको र खोजी तथा उद्धार कार्य जारी नै रहेको उहाँले बताउनु भयो। घटनास्थलबाट घाइते अवस्थामा तीन जनालाई उद्धार गरिसकिएको छ। ती मध्ये एक जनाको शरीरमा १५ प्रतिशत जति जलेर घाइते भएका छन्।

# के यहाँ महिला पिडित पुरुष छैनन् त ?



नेपालमा महिला अधिकार कर्मीहरु संगठित भए, महिलाको हिंसा सम्बन्धमा खोजियो, महिला पुरुषद्धारा शोषण भएकै हो भन्ने तथ्य निकालियो, पुरुषलाई एक हिंस्रक प्राणीको हो भनियो। समाज विथोल्ने पनि त्यही पुरुष हुन भनियो। विडम्वना महिला अधिकार कर्मीहरुले पनि यति कुरा बुझेनन् की सबै पुरुष हिंस्रक हैनन र ति पुरुषहरु पनि महिला पिडित छन्, पुरुषहरु एउटा पुरुष प्रधान समाजबाट ग्रसित अवस्थामा रहेका छन। जो कि उनिहरुले मलाई श्रीमतीले कुटी, खान दिन, सुत्न र वस्न दिन भनि कहि कतै भन्न नसक्ने अवस्था छ। किनकी उसले साथी, घरपरिवार एवं आफन्तलाई भन्दा नार्मदको ट्याग झुन्डिने र खिस्सिको पात्रमात्र हुने डरले न त उसले कहि निवेदन दिन्छ, न त उजुर वाजुर नै गर्दछ। यस्तो अवस्थामा पुरुषले आफ्नो पुरुसार्थ जोगाउन, नामर्दको संज्ञा पाउनु भन्दा वरु मर्न सजिलो भन्ने अवस्थामा पुगी आत्महत्या समेत गरेको पाहिन्छ। यो दर्दनाक अवस्थालाई वुझिदिने काम र कर्तव्य नगरे यो अवस्था भोलिको दिनमा अझ वढेर जाने देखिन्छ।

के आजका महिलाहरु सालिन, भद्र र भगवानको अवतारका रुपमा नै छन भन्ने लागेको छ भने तपाई अधिकार कर्मीहरु भुलमा हुनु हुन्छ। तपाईहरुका आखाँ महिला पुरुष बराबरी हुन भन्ने कुराको ख्याल राखी ति अध्ययन गर्ने चच्छुहरुलाई अनुसन्धानमा राख्नु होस। समय विकराल छ, समय निरन्तर छ, समय भरपुर छ, त्यो तपाईको घरमा छिट्टै आउने छ। यसो भन्दै गर्दा यहाँ महिला र पुरुष दुवै लैङ्गिक हिंसामा छन भन्ने तरिकाले अध्ययन अनुसन्धान गर्न आजको आवश्यकता हो।

खाडिमा रकम कमाउन गएको अवोध पुरुष, आफ्नो परिवारको खुसीको लागि फौजीमा गएको पुरुष, देशको रक्षाको लागी समर्पित भएको एक कर्मचारीका केही घटनाहरु दर्दनाक रुपमा रहेका छन। उ घरमा खुसीले गद गद भएर आएको अवस्थामा न त उसको वुढी न त धन नै हुन्छ। त्यस अवस्थामा समाजले उसलाई कति पिडा दिएको हुन्छ होला। के त्यो चाहि पुरुष प्रतिको हिंसा हैन र ? यहाँ उनिहरुको इच्छा अनुसार खान लाउन नपाउँदा म तलाई ठिक पार्छु, मेरो माईतीलाई भनि वेइजेत गर्छु भन्नेको ठुलो जमात नै देखिन्छ। केही सानो कुरा नमिल्दा यहाँ आमा समुहलाई गुहार्ने, युटुवरहरुको समक्ष गएर रुवाबासी गर्ने, मिडियामा जाने गरेका वेथितिहरु नभएका हुन र ? अझै भन्नु पर्दा मेरो वुढाले/केटा साथीले/ जवरजस्ती गऱ्यो भन्दै बाटोमा चिच्याहट गर्ने गरेको अवस्था यहाँ छ। यस चिच्याहत घटनामा पुरुष या महिला होस त्यसले पुरुषको बारेमा खोी जगर्ने गरेको देखिदैन। त्याहा त्यस पुरुषको विरुदमा जनसागर लाग्ने गर्दछ। एक निर्दोष पुरुष कारवाहीको दाहरामा पुगेको छ के त्यो महिला हिंसा हैन र ?

नेपालको संविधानले प्रदान गरेको महिलाको हक अधिकारको वढी वन्दा वढी सदुपयोग गर्नु भन्दा दुरुपयोग गरेको पाहिन्छ। एउटा सनातन हिन्दु संस्कारमा विवाह जस्तो पवित्र सामाजिक वन्धनलाई लत्याई माग्नेको कमन्डलु जस्तो कमाई खाने भाँडो बनाएर हिडेका कति महिलाहरु पनि यही समाजमा छन। सानो स्वरमा भक्कानीदै लुकाउदा लुकाउदै गर्दा पनि फुत्केका साना स्वरले मलाई वुढीले सकी, उठिबास लगाई, मेरो हालत सडकमा पऱ्याई भन्दै चौतारामा विलौना गाएका पुरुष पनि प्रसस्त रहेका भेटिन्छन।

२०७४ साल भाद्र १ गते देखी लागु भएको मुलुकी संहिता ऐनले पुरुषको लागि पनि केही सुनिश्चित कानुनको आधार वनाएको हुँदा सम्बन्ध विछेद गर्न महिलाले चाहे हुने र पुरुषले चाहे नहुने अवस्था थियो। नयाँ कानुनले त्यो गौडो फुकुवा गरे पछि पुरुषहरुको संवन्ध विछेद गर्ने मुद्दाहरु प्रसस्त रुपमा अदालतमा आएको देखिन्छ। त्यसले पनि के स्पष्ट पार्दछ भने पुरुषहरु महिला द्धारा वढिनै पिडित भएको देखिन्छ। छोडपत्रका घटनाहरु पुरुष र महिलाका अहिले पत्रपत्रिकामा प्रसस्त रुपमा आएका छन। अव पुरुषहरु पनि हिंसामा वस्नु हुन्न। कस्ले के भन्छ भन्नु पर्दैन भएका कुराको निराकरण गर्न लाग्नु पर्छ। जो व्यक्ति नामर्दा पुरुषको संज्ञा दिन्छ त्यसको घरमा पनि त्यो भाईरस पस्छ त्यस पछि उ पनि शरण लिन आउँने पक्का हुन्छ अनि समाजले त्यो नामर्दको कुरा पचाउछ। कतिले त त्यो कुरा पचाएर वसेका पनि देखिन्छ।

निर्कषमा भन्नु पर्दा शारीरिक हिंसामा महिला छन भने मानसिक रुपमा पूरुषहरु रहेको छ। यहाँ ठुला घरनाका, वुद्धिजिवी, समाजले पत्याएका पुरुषहरु वढी महिला हिंसाका सिकार भएका छन। भनौ भने इजत जाने डर न भनौत आफुले काल पर्खन कठिन भएको अवस्था रहेको छ। अझै राम्रो र बास्तविक तरिकाले खोज अनुसन्धान गर्ने हो भने अनुसन्धान कर्ताहरु त्यो विकराल अवस्था बुझी अनुसन्धानको प्रतिवेदन नवुझाई उसको हृदयघात हुने सम्भावना समेत वोकेका घटनाहरु पूरुषले यो समाजमा खेपेर वसेका छन्। यो समस्यालाई वेलैमा सुझवुझका साथ हेरी त्यसको समाधान गर्न तर्फ सम्वन्धीत निकाय लाग्नु पर्ने छ। हैन भने समाजमा न्याउली मारी पछुतो नहोला भन्न सकिन्न।

**हेम जङ्ग कार्की**
**चिशंखुगढी ८ मामखा, ओखलढुङ्गा**
**हाल काठमाण्डौ**

# छोराछोरीको तलब बैंकमा हाल्न बाध्य नहुने

काठमाण्डौ। प्रतिनिधिसभा, महिला तथा सामाजिक समितिले बैठकमा भएको छलफल, परामर्श र सहमतिका आधारमा ज्येष्ठ नागरिकसम्बन्धी (पहिलो संशोधन) प्रतिवेदनको प्रतिवेदन तयार गर्न सचिवालयलाई निर्देशन दिएको छ।

समितिको सोमवारको बैठकमा सभापति निरुदेवी पालले ज्येष्ठ नागरिक सम्बन्धी विधेयकमाथिको दफावार र सैद्धान्तिक छलफल र विज्ञसँग राय परामर्शको काम सकिएको जानकारी दिँदै आगामी बैठकमा प्रस्तुत गर्न गरी प्रतिवेदन तयार गर्न समिति सचिवालाई निर्देशन दिनुभयो। सदनबाट गत जेठ१३ गते समितिमा प्राप्त भएको उक्त विधेयकमाथि १८ जना सदस्यले संशोधन हाल्नुभएको थियो।

हालसम्मको प्रगतिका बारेमा जानकारी दिँदै सभापति पालले भन्नुभयो, ज्येष्ठ नागरिक आमाबुबाको हितलाई केन्द्रित गरेर बनाइएको हुँदा उहाँहरुको सीप, सोच, स्रोत, साधन अर्को पुस्तामा हस्तान्तरण गरौं, उहाँहरुलाई सुविधा र मनोरञ्जनका लागि आवश्यकता अनुसार पार्क निर्माण गरौं भन्ने कोणबाट छलफल गरी सहमति नजिकमा पुगेका छौं।

सरकारले ज्येष्ठ नागरिकको अधिकार कानूनमै व्यवस्था गर्ने उद्देश्यले विधेयक तयार गरी अघि बढाएको हो। समितिमा लामो समयसम्म छोराछोरीले कमाएको कूल रकमको १० प्रतिशत आर्जन ज्येष्ठ नागरिक अर्थात आमाबुबाको खातामा हाल्ने वा नहाल्ने भन्ने विषयमा निकै गहन र विभिन्न कोणबाट छलफल भएको थियो।

समाजमा धेरैका आमाबुबाको पालन पोषण सन्तानबाट नभएको अवस्था नरहेको र केही प्रतिशत मात्र आफ्ना मातापिताप्रतिको कर्तव्यबाट च्यूत भएको देखिएको हुँदा खातामा १० प्रतिशत रकम हाल्ने विषयलाई कानूनले नै बाध्यकारी गराउन आवश्यक नदेखिएको निष्कर्षतर्फ समिति पुगेको पाइएको छ।

सभापति पालले भन्नुभयो, हाम्रो जस्तो संस्कृति, धार्मिक परम्परा र पारिवारिक मिलन अरू देशमा नभएको अवस्था छ, सन्तानले कमाएको १० प्रतिशत रकम खातामा हाल्ने कुरालाई बाध्यकारी बनाएमा कतै परिवार विखण्डनतर्फ उन्मुख त हुने होइन भन्ने पाटोबाट पनि छलफल गरेका थियौं, अन्तसम्म आइपुग्दा त्यसलाई बाध्यकारी बनाउन हुन्न भन्नेमै सहमति नजिक पुगिएको छ।

स्थानीय तहमा कुनै ज्येष्ठ नागरिकलाई जीवनयापनमा समस्या भएको खण्डमा त्यो स्थानीय तहले सम्बन्धित व्यक्तिका सन्तानको आम्दानी निश्चित रकम खातामा हाल्दिन सक्ने व्यवस्था राख्ने विषयमा भने समितिमा एक मतले सहमति भएको छ।


कुनै ज्येष्ठ नागरिकको पालन पोषण गर्ने कुनै सन्तान नभएको खण्डमा त्यस्ता नागरिकको पालनपोषण र हेरचाहको जिम्मा सरकारले लिनुपर्ने व्यवस्था विधेयकमा समेटिएको छ।

विधेयकमाथिको छलफलमा केही सांसदहरुले भने सार्वजनिक पद धारणा गरेका व्यक्तिले भने आफ्नो आर्जनको निश्चित प्रतिशत ज्येष्ठ नागरिकको खातामा पालनपोषणका लागि राखिदिनुपर्ने व्यवस्था हुनुपर्ने तर्क प्रस्तुत गर्नुभएको थियो।

**शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :**
१. न्यानो कपडाको जोहो समयमै गरौं।
२. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
३.रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं। घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं।
४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं।
५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खानेकुराहरु खाने बानीको विकास गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## भ्रम र संसार



संसार भ्रममा चल्छ
भ्रम संसारमा चल्छ
सबै चल्नका लागि
चलिरहेका छन
मेसिनका पाटपुर्जा चले जसरी
तर मेसिनको पाटपुर्जा
डाइ र साँचो अनुसार
सामाग्री तयार पार्छ
जुन सामान उपभोग गर्न
योग्य बनाइन्छन
तर भ्रमको संसारमा
कुराको साम्राज्य चल्छ
कुरा उपभोक्ता अनुसार फरक हुन्छ
कसैलाई कुनै भ्रम मनपर्छ
कसैलाई कुनै भ्रम मनपर्छ
भ्रमका गुट छन
उपगुट छन
कोही आफ्नै मात्र कुराले
भ्रम छर्छन
कुखुरा मारेर हात्ती मारेको
फुर्ति गर्छन
तर हात्ती मार्ने चाहिँ
कुखुरो मार्न नसक्ने
अभिनय गर्छ र भ्रम छर्छ
यो भ्रम छर्नेको संसार हो
भ्रम छरिरहन्छन
आफ्नै गुटमा रमाउछन
रमाइ रहन्छन
किनकि संसार भ्रम हो
भ्रम संसार हो।

दामोदर ढकाल, काठमाडौं

## पनौती



तेजप्रकाश बाँनिया
पूर्व सहायकरथी

आहा पनौती रमणीय ठाउँ।
मीठो र प्यारो यसकै छ नाउँ
काभ्रे भरैमा स्थल यो पवित्र।
सौन्दर्य को यो नगरी विचित्र।१।
चर्चा छ सारा अझ सम्पदाको।
सर्वत्र यो नाम खुबै चलेको।
छिन् फूलचोकी शिर माथिमाइ
हेरेर रक्षा गरछिन् रमाइ।२।
प्राचीन देवस्थल जो यहाँ छन्।
देखेर आगन्तुक दंग पर्छन्।
यो हो पुरानो इतिहास भाको।
पुर्खाहरुले पसिना बगाको।३।
हाम्रो कला कौशल को बयान।
सुनेर पाइन्छ विशेष ज्ञान।
गंगा बगेका तिनतर्फ बाट।
प्रसिद्ध दोभान त्रिबेणि घाट।४।
यो बाह्र वर्षे र महत्त्व भाको।
थलो बन्यो धार्मिक मान्यताको।
मेला मकर लाग्छ यहीं विशाल।
श्रद्धालु हुन्छन् दुई चार लाख।५।
यो देश घुम्ने जति पाहुना छन्।
नेपाल स्वर्गै सरि रैछ भन्छन्।
प्यारो पनौती पनि हो महान।
ठुलो छ यस्को पनि योगदान।६।
यो सम्पदाको क्रम भित्र पर्छ।
सम्पत्ति हाम्रो बुझिराख्नु पर्छ।
जोगाइ राखौं यश क्षेत्र लाई
सौन्दर्य को यो नमुना बनाई।७।
सौभाग्यले आज यहाँ म आएँ।
यो ठाउँको दर्शन गर्न पाएँ।
यस्तै मिले औसर फेरि फेरि।
म भाग लिनथैं अनुकूल हेरी।८।
जय पनौती।।।।।

## मुक्तक

मुक्तक १
राजनीति सफल हुनेलाई शासन रहेछ
सफलताको मुख्य कडी चाहिँ भाषण रहेछ।
निमुखा ती जनताको लागि केही हुन्छ कि भन्यो,
जनताका लागि भने फोश्रो आश्वासन रहेछ।

मुक्तक २
धेरै कुरामा यो देशको नाम मात्र भयो।
खाली प्रोपोगन्डा फिजार्ने काम मात्र भयो।
तुमुल ध्वनिका साथ विकासे नारा आए,
आखिर सबैकुरा तामझाम मात्र भयो।

## पूर्वमाओवादी.....

प्रेस विज्ञप्ति सार्वजनिक भयो । यति बेला रामेछाप जिल्ला समिति विवादको चरमउत्कर्षमा पुगेको छ । हुन त नितान्त मगरहरुको हकहित, सांस्कृतिक, परम्परा, धार्मिक,भाषिक, रितिरिवाजको संरक्षण र मगरहरुलाई एकताबद्ध गर्ने उद्देश्यले मगर संघको स्थापना भएता पनि नेपालमा थुप्रै जातजातिका संगठनहरु राजनीतिक भातृसंगठन जस्ता बनेर राजनीतिक पार्टीको जोडघटाउमा लाग्दा ती संगठनहरुले लिएका उद्देश्य, विचार यस्तै वाद र विवादमा फस्ने गरेका छन् । जसले गर्दा जुन उद्देश्य राखेर खुलेका संघसंस्थाहरुको उद्देश्यमा हिलो पोतिने गरेको देखिन्छ । त्यस्तै मध्ये नेपाल मगर संघ जिल्ला समन्वय समिति रामेछाप पनि अछुतो रहन सकेन ।

विवाद हुनको भित्री रहस्य

२०६६ सालमा तत्कालीन एमाले र माओवादीको सहमतिमा माओवादी निकटका खडगबहादुर आले मगरलाई अध्यक्ष र एमाले निकटका कल्पना आले मगरलाई सचिव पदमा भागबन्डा गरी पाँचौं र छैठौं पनि कोठे अधिवेशन गर्दै आ(आफ्नो मनमानी ढंगबाट कार्य समितिहरु निर्माण गरी आएका थिए । जुन बेला थुप्रै रामेछापका मगर समुदायले नेपाल मगर संघमा आबद्ध हुने इच्छा राख्दा राख्दै पनि तत्कालीन एमाले र माओवादीबाहेकका आस्था राख्ने मगरहरुलाई सदस्यता दिन समेत बन्चित गराउँदै आएको सदस्यबाट बन्चित हुनुपरेको मगरहरुले हामीलाई गुनासो गरेका छन् । हाल माओवादी र एमाले मिलेर बनेको नेकपाभित्र आफ्नो जुंगाको लडाइको लागि सुरु भएको नेपाल मगर संघ अन्तरगतको रामेछाप जिल्ला समन्वय समितिको विवादले रामेछापको स्वतन्त्र र नेकपाका संगठित मगरहरु बाहेककालाई 'कागलाई बेल पाक्यो हर्ष न विस्मात' हो भने जस्तै रामेछापका स्वतन्त्ररुपमा कुनै पार्टीमा आस्था नराख्ने मगरहरुको प्रतिक्रिया रहेको छ ।

रामेछापको विवाद केन्द्रसम्म

नेपाल मगर संघको केन्द्रीय १२ औं महाधिवेशन नजिकिदै जाँदा जिल्लाका अधिवेशनहरुले विशेष अर्थ राख्ने भएका हुदा(भोट बैंक) को रुपमा अहिले देखि नै विभिन्न जिल्लामा आ( आफ्नो मातहतको नेतृत्व स्थापना गर्दै आफ्नो आफ्नो गुटको वर्चश्व निर्माण गर्न नेकपाभित्रको आगो रामेछाप जिल्लामा देखिएको हो । नेपाल मगर संघको केन्द्रीय ११ औं राष्ट्रिय महाधिवेशनमा रामेछापबाट प्रतिनिधिको रुपमा एमाले निकटको १ भोट र माओवादी निकटको दुई भोट मत खसेको थियो । केन्द्रमा रामेछापका रक्षा बहादुर रैका मगर सचिव पदमा निर्वाचित छन् भने महासचिव पदमा माधव दर्लामी मगर र सचिव पदमा होमराज खपाङगी मगर निर्वाचनमा पराजित भएका थिए ।


रामेछाप नगरपालिकाबाट शनिवार लिएको तस्वीर, फोटो : *मोहन कार्की*

## कियाको मिड-एसयुभी सेल्टोस नेपाल भित्रियो

काठमाडौं । भारतमा बजार प्रवेश गरेको १० दिनमै सर्वाधिक बिक्री हुने मिड-एसयुभीबन्न सफल कियाको सेल्टोस नेपाल भित्रेको छ । नेपालका लागि किया गाडीको अधिकृत वितरक कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेज प्रालिले सेल्टोस नेपाल ल्याएको हो । कियाको भारतस्थित प्लान्टमा उत्पादित गाडी पहिलोपटक नेपाल भित्रेको हो । कोरियाली अटो निर्माता कियाले सन् २०१९ बाट भारतमा प्लान्ट राखेर सेल्टोस उत्पादन थालेको हो ।

भारत-६ (Bhaarat-VI)इन्जिन जडित सेल्टोस कियाको ग्लोबल मोडल हो । यसले विश्वभरका मिड एसयुभी पारखीबाट उत्साहजनक प्रतिक्रिया पाएको छ । सेल्टोसकै कारण किया भारतको चौथो नम्बरको कार ब्रान्ड बन्न सफल भएको छ ।

कन्टिनेन्टलले भारतमा निर्मित अन्यमोडल पनि नेपाल ल्याउने कम्पनीका प्रमुख सुहृद घिमिरे बताउनुहुन्छ । सेल्टोसमा १० इन्चस्क्रिन, बिओएसई (BOSE)म्युजिक सिस्टम, फ्रन्ट र ब्याक एलइडी लाइट, एअर प्युरिफायर, डी-कटस्टेरिङ(D-Cut Steering), युभीग्लास (UV Glass)जस्ता विशेषता छन् । यो सेग्मेन्टका अन्य ब्रान्डमा यस्ता विशेषता छैनन् ।

गत भदौमा सम्पन्न नाडा अटो सोमा बुकिङ गर्ने ग्राहकलाई प्राथमिकता दिएर यो गाडी उपलब्ध गराउने कम्पनीको योजना छ । ४९ लाख ९० हजार रुपैयाँदेखि ८० लाखसम्म पर्ने सेल्टोसका एचटिके(HTK), एचटिके प्लस(HTK+), एचटिएक्स (HTX), एचटिएक्स प्लस (HTX+)भेरियन्ट नेपाली बजारमा उपलब्ध रहेको कम्पनीले जनाएको छ ।

भारतमा गत अगस्टबाट यसको बिक्री सुरु भएको थियो । अटो पन्डित्जका अनुसार सेल्टोस लन्चभएको पहिलो महिनामै आफ्नो सेग्मेन्टको एसयुभी पारखीमाझ लोकप्रिय बनेको थियो ।

हुन्डाइको क्रेटा, निसानको किक्स, जिपकम्पास १.४ लाई सेल्टोसको प्रतिस्पर्धी मोडल मानिन्छ । कन्टिनेन्टलले ३० वर्षदेखि कियाका गाडी बिक्रीवितरण गर्दै आएको छ ।







जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६, कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस